म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ३१९ आइतबार १७ असार २०८० ने. सं. ११४३ दिल्लाथ्व 2 July 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मकवानपुरमा १५ प्रतिशत रोपाईं

हेटौंडा, १६ असार/बागमती प्रदेशमा हालसम्म २२ प्रतिशत रोपाइँ भएको छ । प्रदेशका १३ जिल्लामा गरी हालसम्म २२ प्रतिशत धान रोपाइँ सकिएको बागमती प्रदेशको कृषि विकास निर्देशनालय हेटौँडाले जनाएको छ । प्रदेशको चितवनमा २० प्रतिशत, मकवानपुरमा १५, धादिङमा १७, काभ्रेमामा ३५, सिन्धुपाल्चोकमा ३२ प्रतिशत धान रोपाइँ भएको छ भने अन्य जिल्लामा पनि निकै कम मात्रामा रोपाइँ सकिएको कृषि विकास निर्देशनालय हेटौँडाका प्रमुख तेजप्रसाद दवाडीले बताए । भौगोलिक विकटता र सिँचाइको अभाव रहेका जिल्लामा पर्याप्त मात्रामा पानी नपरेकाले यसपालि धानखेती हुन नसकेको उनको भनाई छ । प्रदेशमा धानखेतीका लागि आकाशको पानीका भर पर्नुपर्ने, खोलाको मूलबाट सिचाई गर्नुपर्ने भएकाले धान रोपाइँमा समस्या रहेको उनले बताए । उनका अनुसार प्रदेशको १३ जिल्लामा कूल एक लाख २० हजार पाँच सय हेक्टर जमिनमा धानखेती हुँदै आएको छ ।

# हेटौंडाको २५ मिटर सडक विस्तारमा जनप्रतिनिधि एकमत

साझाकुरा संवाददाता




हेटौंडा, १६ असार/ पूर्वपश्चिम राजमार्गको हेटौंडा बजार क्षेत्रको मुख्य सडक २५-२५ मिटर विस्तार गर्न उपमहानगरका जनप्रतिनिधि एकमत देखिएका छन् ।

हेटौंडा उपमहानगर पालिकाको शनिवार भएको १३ औं नगरसभाको दोस्रो बैठकमा पेश भएको सडक विस्तार सम्बन्धी विशेष प्रस्ताव सर्वसम्मतले पारित भएको हो । सडक विस्तार अपरिहार्य भएको बताउँदै आएकी मेयर मीनाकुमारी लामाले गरेको प्रस्तावमा सबै जनप्रतिनिधिले कर्तालध्वनीका साथ सडक विस्तारको पक्षमा उभिएका हुन् । नगरसभामा विभिन्न निर्णय हुँदाको भन्दा फरक अवस्थामा सडक विस्तारको निर्णय भएको सहभागी एक जनप्रतिनिधिले बताए । 'सडक विस्तारको प्रस्ताव आएपछि सबै जनाले हर्षोल्लासका साथ ताली पिटेर सर्वसम्मत निर्णय गराउनुभएको छ । यस प्रस्ताव पास गर्दा फरक अनुभूति जनप्रतिनिधिले लिएको देखिन्थ्यो ।,' ती जनप्रतिनिधिले भने ।

हेटौंडाको मुख्य सडक विस्तार हुन नसक्दा प्रदेश राजधानी माथि नै प्रश्न उठ्ने गरेको थियो । हेटौंडाको मुख्य राजमार्गमा पर्ने सडक दायाँबायाँ २५-२५ मिटर विस्तार गर्न संघीय सरकार मातहतको सडक डिभिजन कार्यालय हेटौंडाले गत आइतबार सूचना जारी गरेको थियो । सूचना जारी भएपछि हेटौंडामा सडक विस्तारले व्यापक चर्चा बटुलिरहेको छ । लामो समयदेखि चर्चामा रहँदै आएको हेटौंडा बजार क्षेत्रको सडक विस्तारका लागि हेटौंडा उपमहानगर पालिकाका जनप्रतिनिधिहरु सहमत भएपछि यसपाली सडक फराकिलो हुने निश्चित प्रायः छ । हेटौंडा बजारको मुख्य सडक विस्तार गर्ने योजना आजभन्दा तीन दशक अघि कै हो । तर, यतिका वर्षसम्म पटक-पटक सडक विस्तारको सूचना निक्लियो सडक फराकिलो बन्न सकेको छैन ।

एसियाली विकास बैंकको लगानीमा विस्तार तथा निर्माण हुने पूर्वपश्चिम राजमार्गको हेटौंडा बजार क्षेत्रका लामो सयमदेखि विवाद रहँदै आएको थियो । विवादका कारण अदालतसम्म पुगेका हेटौंडा बजार क्षेत्रका बासिन्दालाई २५ गजसम्म भत्काउन सकिने भन्दै आएको निर्णय कार्यान्वयन हुन नसकेर रोकिएको समयमा जनप्रतिनिधिको सहमति जुटेको हो । नगरप्रमुख लामाले सडक विस्तारमा जनप्रतिनिधिहरु एक मतका साथ उभिन नसके हेटौंडाकै भविष्य सकिने चेतावनी दिएकी थिइन् । सडक विस्तारको अभियानमा आफूहरु पनि सँगै रहेको भन्दै उपमहानगरका वडाअध्यक्ष, कार्यपालिका सदस्य तथा नगरसभा सदस्यहरुले उठेर एकमतले ताली बजाउँदै समर्थन जनाएको उपमहानगरका प्रवक्ता तथा १ नम्बर वडा अध्यक्ष सविन न्यौपानेले जानकारी दिए ।

सडक विस्तारका क्रममा वास्तविक पीडितको समस्यामा उपमहानगरपालिकाले सहयोग गरेर जाने निर्णय भएको न्यौपानेले बताए । 'सडक विस्तारमा सबैजना एकमत हुनुभएको हो । अब वास्तविक पीडितहरुको समस्यामा उपमहानगर पालिकाले सहयोग गरेर जान्छ ।,' उनले भने । पछिल्लो समय सडक विस्तारको विषय पेचिलो बन्दै गएको र हेटौंडा बजार विस्तारका लागि पनि आवश्यक रहेकाले उपमहानगरको धारणा नगरसभाबाटै बाहिर ल्याएको नगरप्रमुख लामाले बताइन् । उनले एसियाली विकास बैंक हेटौंडा बजारलाई छोडेर पथलैयाबाट कर्रापुल र राप्ती पुल पारिबाट पश्चिम क्षेत्रको सडकमा मात्र ठेक्का गर्ने पक्षमा पुगेकाले बजार संकटमा पर्ने अवस्था आएको बताइन् ।

हेटौंडा बजार विस्तार आवश्यक रहेको उपप्रमुख राजेश बानियाँले बताए । उनले साँघुरो सडकका कारण बजारको शौन्दर्यमा कमी आइसकेको र दुर्घटनाको जोखिम बढेको भन्दै विकसित सडक बनाउने अवसरबाट बाहिर जान नहुने बताए । डिभिजन सडक कार्यालयले हेटौंडा बजार क्षेत्रमा २५ मिटर सडक विस्तार गर्न असार १० गते राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सूचना प्रकाशन गरी काम अघि बढाउने तयारी थालेको थियो । तर, क्षतिपूर्ति र व्यवसायीको समस्याको विषयमा भने स्थानीय सरकारले आवश्यक पहल र समन्वय गर्ने उपमहानगरका प्रवक्ता न्यौपानेले बताए ।

हेटौंडा बागमती प्रदेशको राजधानी भएपछि बढेको सवारी चाप र जनघनत्वले यहाँको सडक विस्तार अपरिहार्य जस्तै बनेको छ । सडक विस्तार गर्ने बलियो शक्ति कुन निकायसँग छ ? भन्दै नगर बासी नै सोधपुछ गरिरहन्छन् । संघीय सरकारदेखि प्रदेश र स्थानीय तहले बजार क्षेत्रको मुख्य सडक विस्तारमा कुनै विकल्प नभएको बताउँदै आएका छन् । सडक डिभिजन प्रमुख राजेश यादवले यसअघि निस्किएको सूचनाबारे थाहा नभएको र आइतबार निस्किएको सूचना अन्तिम पटकको हुने जानकारी दिए । उनको भनाईअनुसार सूचना डिभिजन सडकले चाहेरै मात्रै निस्किएको छैन । सडक विस्तारमा संघीय सरकार, प्रदेश सरकार र हेटौंडा उपमहानगर पालिका एकढिक्का भएपछि सूचना जारी भएको बुझ्न कठिन छैन ।

तर, धेरैले सडक विस्तारको सूचनालाई लिएर अविश्वास गरि रहेका छन् । विगतमा जस्तै सूचना निस्किएर सडक विस्तार हुन नसक्ने हो की ? भन्ने जिज्ञाशा धेरैले व्यक्त गरेका हुन् । जारी सूचनामा राष्ट्रिय राजमार्गका अतिक्रमण गरी बनाइएका संरचना ३५ दिनभित्र हटाउन भनेको छ । जारी सूचनामा सडक सीमाभित्र परेका संरचना हटाउन भनिएको हो । 'हेटौंडा-१४ महेन्द्र राजमार्गको रातोमाटे-बुद्धचोक, राप्तीपुलसम्मको सडक सीमा सडक केन्द्रबाट २५/२५ मिटर दायाँ-बायाँ कायम भएको कुरा सर्वविदितै छ । उक्त सडक सीमाभित्र घर-टहरा निर्माण गर्न नाली पुरेर प्रवेश मार्ग बनाउन, सडक संरचना भत्काउन, ढल तथा पानी सडक तथा सडक किनारको नालामा मिसाउन कुनै प्रकारको स्वीकृति बिना बनेका संरचना तथा यस्तै प्रकृतिका अन्य यातायात संचालन एवम् सडक प्रयोगकर्तालाई अवरोध पुग्ने कार्य गर्न सार्वजनिक सडक ऐन २०३१ ले निषेध गरेको छ', सूचनामा भनिएको छ ।

यसअघि सर्वोच्च अदालतले २५/२५ गज भत्काउन मिल्ने र त्यसभन्दा बढी भत्काउन परे क्षतिपुर्ति दिनुपर्ने भनि उत्प्रेषण आदेश दिएको थियो । अदालतकै आदेशलाई टेकेर सडक कार्यालयले २५/२५ गज सडक भत्काउने तयारी गरेको थियो । २५ गज भन्नाले २२ दशमलब ८६ मिटर फराकिलो हुने डिभिजन प्रमुख यादव बताउँछन् । 'सम्मानित सर्वोच्च अदालतको मिति २०७८-०९-१९ को उत्प्रेषण आदेशमासमेत उक्त खण्डको सडक सीमा केन्द्रबाट २५/२५ गज (७५/७५ फिट) कायम भएको उल्लेख भएको हुँदा उक्त क्षेत्रभित्र बनेका स्थायी/अस्थायी घर-टहरा तथा अन्य संरचना भत्काउन यस अगाडि विभिन्न मितिमा सूचना जारी हुँदापनि नहटाएकाले सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र सडक सिमा भित्र पर्ने सम्पूर्ण संरचना हटाउन अनुरोध छ', सूचनामा भनिएको छ । सडक सीमा अतिक्रमण गरी बनाइएका संरचना ३५ दिनभित्र नहटाएमा सार्वजनिक सडक ऐन २०३१ अनुसार सडक डिभिजन कार्यालयले नै भत्काउने र सो बापतको लाग्ने खर्च सम्बन्धित घरधनीबाटै असुलउपर गर्ने सडक डिभिजन कार्यालय हेटौंडाले जनाएको छ ।

# ८ करोडले बढ्यो हेटौंडाको बजेट, सूर्तिजन्यपदार्थमा निषेधको तयारी

साझाकुरा संवाददाता



हेटौंडा, १६ असार/हेटौंडा उपमहानगरपालिकाको आगामी आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम र बजेट सर्वसम्मतले पास भएको छ ।

शनिबार बसेको हेटौंडा उपमहानगरपालिकाको १३ औं नगर सभाको दोस्रो बैठकले आगामी आबको कुल २ अर्ब ६८ करोड ६० लाख १० हजार ८ सय रुपैयाँ बजेट सर्वसम्मतले पारित गरेको हो । उपमहानगरपालिकाले गत असार २ गतेको नगरसभाले आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च बेहोर्ने स्रोतमध्ये आन्तरिक स्रोतबाट ८३ करोड ६६ लाख ६२ हजार रुपैयाँ, राजस्व बाँडफाँटबाट ५९ करोड १४ लाख १० हजार रुपैयाँ, प्रदेश सरकारको विभिन्न अनुदानबाट ३ करोड ३४ लाख ६८ हजार रुपैयाँ र संघीय सरकारको अनुदानबाट १ अर्ब १४ करोड ५० लाख रुपैयाँबाट बेहोरिने गरी बजेट सार्वजनिक गरेको थियो ।

यसअघि उपमेयर राजेश बानियाँले नीति तथा कार्यक्रमसहित आगामी आवका लागि २ अर्ब ६० करोड ६५ लाख ४० हजार रुपैयाँ बराबरको बजेट प्रस्तुत गरेका थिए । बजेट ल्याएर पारित गर्ने बेला उपमहानगरले बजेट ८ करोडले वृद्धि गरेको छ । बजेट प्रस्तुत गर्दा प्रदेश सरकारबाट प्राप्त हुने चार शीर्षकको अनुदान नसमेटिएका कारण शनिवारको नगरसभाले प्रदेशले उपलब्ध गराउने बजेट समावेश गर्दा ८ करोड बढ्न गएको उपमहानगरका प्रवक्ता तथा १ नम्बर वडा अध्यक्ष सविन न्यौपानेले जानकारी दिए । प्रदेश सरकारले १ असारमा बजेट ल्याएको थियो भने उपमहानगरले २ असारमै बजेट प्रस्तुत गरेको हो ।

नगरसभाले आर्थिक विधेयक २०८० विनियोजन विधेयक २०८० सर्वसम्मतरुपमा पारित गरेको उपमहानगरका प्रवक्ता न्यौपानेले जानकारी दिए । उनका अनुसार नगरसभाले २०७९/०८० मा सम्पन्न भएको योजनाको अनुमोदन तथा अवकास प्राप्त कर्मचारीको उपदान, विदा तथा औषधिउपचार खर्च, न्यायिक समितिले गरेको कामको अनुमोदन, फरफारक समितिबाट भएका योजनाका कामको अनुमोदन, चालु आबमा सम्पन्न भइ भुक्तानीका लागि बाँकी रहेका योजनाको भुक्तानी दायीत्व सार्ने सर्वसम्म निर्णय गरेको छ । त्यस्तै संगठन सुद्रिढिकरण तथा व्यवस्थापन प्रतिवेदन स्वीकृति गर्ने निर्णय समेत गरेको छ ।

बजेटमा भएको व्यवस्था अनुसार सामाजिक विकासतर्फ ९२ करोड ९२ लाख, पूर्वाधार विकासमा ३८ करोड ४० लाख रुपैयाँ, आर्थिक विकासतर्फ ११ करोड ६७ लाख तथा वातावरण तथा विपद् व्यवस्थापनमा ७ करोड १५ लाख विनियोजन गरिएको छ । बजेटमा आयोजनाहरु समेत पूर्वाधार विकास क्षेत्रभित्र पर्ने सडक, खेलमैदान, उर्जा, सडकबत्ती, आवास व्यवस्था, जलश्रोत, पर्यटन, भवन तथा आवास, सिँचाई लगायत नगर स्तरीय पूर्वाधारतर्फ ६२ करोड ३ लाख विनियोजन गरिएको छ । वडा तथा वस्तीस्तरीय योजना तथा कार्यक्रमका लागि ३८ करोड ४० बजेट विनियोजन गरिएको छ ।

उपमहानगरको बजेटमा उपमहानगरले एकीकृत बसपार्क तथा टर्मिनल भवन निर्माण गर्न ८ करोड, वडा कार्यालयको लागत सहकार्यमा संचालन हुने वडा गौरबका योजनाका लागि ३ करोड ४० लाख, नेपाल विद्युत प्राधिकरणसँगको सहकार्यमा सडकमा उज्यालो सहर कार्यक्रम अन्तर्गत हाइमास्ट लाईट जडानका लागि ७० लाख, कर्रा करिडोर निर्माणको निरन्तराका लागि १ करोड विनियोजन गरिएको साथै राप्ती करिडोर निर्माण गर्न ५० लाख विनियोजन गरिएको उपमेयर बानियाँले जानकारी दिए ।

उपमहानगरले वडा नम्वर ७ र ८ को सीमाना सडकलाई नमूना सडक निर्माण कार्यका निरन्तरताका लागि १ करोड, हेटौंडा-४ मा बासुदेव बहुउद्देश्यीय व्यापारिक भवन निर्माण गर्न २ करोड, चालु आवमा सम्झौता भइ जिम्मेवारी सर्ने योजनाको भुक्तानीका लागि २१ करोड २२ लाख र पदमपोखरी मुख्य सडक विस्तार कार्यका लागि ३ करोड ५० लाख रुपैयाँ विनियोजन गरेको छ । हेटौंडा अस्पतालको स्तरोन्नतिका लागि ८० लाख, अटो भिलेज निर्माण गर्न ८० लाख, पिप्लेक्याम्पा रंगशाला स्तरोन्नतिका लागि ५० लाख रुपैयाँ विनियोजन गरिएको छ । बाँकी पृष्ठ-४...

सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज अफ होटल एण्ड हस्पिटालिटी म्यानेजमेन्ट

प्रोफेशनल स्कील एण्ड ट्रेनिङ डिपार्टमेन्ट



यही आउँदो शैक्षिक सत्र २०८० देखि यस सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज अफ होटल एण्ड हस्पिटालिटीको लागि कक्षा ११ मा अध्ययन गर्न इच्छुक विद्यार्थीहरुको लागि कक्षाहरु सञ्चालन गरिँदैछ ।

भर्ना र थप जानकारीको लागि यसै कलेजको कार्यालयमा सम्पर्क गर्नुहोला ।

Solidarity International Academy, Hetauda-10, Makwanpur Estd. 2049 (1993)

सम्पर्कको लागि
०५७-५२१२७२, ९८०१०६८६४१, ९८४८८२९२७७ (प्रिन्सिपल)

गोदमघर भाडामा चाहियो ?

मकवानपुर जिल्लामा पर्ने पुर्व-पश्चिम राजमार्ग अन्तर्गत हेटौंडाबाट १७ किलोमिटर पश्चिम नारायणगढ जाने बाटोमा अबस्थित मनहरी गाउँपालिका वडा नम्बर- ९ खरङ्गामा साढे २ बिगाह जग्गामा रहेको व्यवस्थित तथा सुबिधायुक्त ९७०० र ३१०० स्क्वायर फिटको दुईवटा गोदाम घर, बत्ति पानीको सुबिधा सहितको अफिस तथा क्वाटर भाडामा रहेको हुँदा बहुराष्ट्रिय तथा राष्ट्रिय उद्योग प्रतिष्ठान तथा व्यवसायीक प्रयोजनका लागि सम्पर्क राख्नुहुन अनुरोध गर्दछु ।

सम्पर्क : ९८०२५३०३०३

त्रिवेणी भेजिटेवल मार्ट प्रा.लि. द्वारा सञ्चालित

हेटौंडा कृषि तरकारी बजार

हेटौंडा-४, मेनरोड, नारायणी मल सगै




नोट: केहि स्टल खाली रहेकोले बुकिङ्को लागि छिटै सम्पर्क गर्नुहोला

☎ ९८६०५९८०५३, ९७४१६८०१८७, ९८५५०३३५५८

सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वाइरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# स्थानीय प्रजातिका धान लोप

धानखेती गर्ने कृषकको आकर्षण हाइब्रीड बीउतर्फ बढेपछि मकवानपुरमा मौलिक र रैथाने जातका धान लोप हुन पुगेको छ । हाईब्रिड बीउले धानको उत्पादनमा वृद्धि भएको तथ्यांकले देखाएपनि रैथाने जातका धानको महत्व धेरै छ । पछिल्लो समयमा किसानका खेतमा रैथाने धानखेती देखिन छाडेका छन् । दिनप्रतिदिन बढिरहेको खाद्यसंकटलाई थेग्ने गरी राज्यले किसानलाई हाईब्रीडतर्फ लैजान खोजेपछि ग्रामीण क्षेत्रमा स्थानीय जातको धानखेती हुन छाडेको हो । सरकारले असार १५ मा सामूहिक रुपमा रोपाईं गर्दै धान दिवस मनाउन थालेको १९ वर्ष भएको छ । तर, परंपरागत रुपमा धान रोपाई हुन छाडेर आधुनिक प्रबिधिले रोपाईलाई प्रभाबिति तुल्याएको छ । खेतमा हलगोरु नारेर रोपाई गर्ने चलन लोप हुँदै गएको र ट्र्याक्टर, रोटाभेटर जस्ता आधुनिक प्रबिधिको प्रयोग बढ्दै गएको छ ।

मकवानपुरको अन्न भण्डारको रुपमा चिनिएको मकवानपुर फाँटमा दिनदिनै प्लटिङले धानखेती हुने जमिन मासिँदै छ । कुनै समय मकवानपुरको मसिनो चामल र दारको काठको ठेकी मकवानपुरको परिचय थियो । मकवानपुर फाँट हालको हर्नामाडी र हटियाको फाँटमा धानखेती गर्ने भन्दा बढी घडेरी बिक्री भइरहेको छ । बेमौसमी तरकारी खेतीमा रमाउन थालेपछि दामनपालुङ अर्थात थाहानगरका किसानले २०५० सालको बाढीपछि धानखेती गर्न छोडेका छन् । अहिले धान दिवस मनाउनका लागि दामनपालुङ क्षेत्रमा धान रोप्ने खेत नै नभएका कारण थाहानगरले धान दिवस मनाउने गरेको छैन । ५ वर्षे कार्यकालमा बज्रबाराहीमा एक पटक धानदिवस मनाएको थाहानगरका पूर्वप्रमुख लबशेर बिष्टले बताएका छन् । कृषि कार्यालयका अनुसार मकवानपुरमा बार्षिक करिब ३५ हजार मेट्रिकटन धान उत्पादन हुने गरेको छ । मकवानपुरमा धानबालीका लागि उपयुक्त मानिएको जमिन ११ हजार हेक्टर छ । चैते धानको लागि २ हजार ५ सय हेक्टर जग्गा उपयुक्त रहेको छ । दामनपालुङ क्षेत्रमा उत्पादन हुने स्थानीय जातको मार्सी, फलामे, कालोकाठे, ताईचिन, थापा चिनियाँ आदि नाम गरेका धान किसानका खेतमा देखिन छाडेको वर्षौं भयो । उत्पादन बढेको भएपनि कृषकमा अन्नबाली सञ्चित गर्ने प्राविधिक ज्ञानको अभावका कारण मुसाले खाने, कुहिने, मदिरा बनाउन प्रयोग गर्ने जस्ता कारणले गर्दा मकवानपुरमा वर्षेनि धान तथा अन्य खाद्यान्न बाहिरबाट आयात गर्नुपर्ने अवस्था आएको खाद्यान्न व्यवसायीहरु बताउँछन् । सरकारी तथ्याङ्कअनुसार मकवानपुरमा वर्षेनि खाद्यसंकट बढ्दैछ । मकवानपुरमा बार्षिक २० हजार मेट्रिकटन खाद्यान्न अभाव छ । संभाबित खाद्यसंकटलाई कम गर्न पनि किसानलाई हाईब्रिड जाततर्फ आकर्षित गराउनु पर्ने कृषि प्राबिधिकको धारणा छ । मकवानपुरमा प्रतिवर्ष २० हजार मेट्रिकटन खाद्यान्न तराईका जिल्लाबाट आयात गरिन्छ । अझै पछिल्ला वर्षमा तराइका जिल्लाबाट भन्दा बढी चामल भारतीय बजारबाट हेटौंडामा भित्रिने गरेको छ ।

मकवानपुर-१, सावित्री, मन्सुली, पोखेली, मनभोग, कालोकाठे, बरदाना, हर्दिनाथ-१ लगायत स्थानीय जातका वीउ पनि लोप हुँदै गएको छ । धान दिवसले किसानमा उर्जा भर्ने अनुमान गरिए पनि वास्तबमा त्यस्तो हुन सकेको छैन । धान दिवस केवल सेल्फी खिचाउने र शुभकामनाका नाममा भाषण गर्ने बाहेक नयाँ कार्यक्रम आउन सकेको छैन । धान दिवसले युवापुस्तालाई छुने सम्भावना पनि छैन । माध्यमिक तहको परीक्षा उत्तीर्ण गरेको युवा खेतको हिलोमा पस्नै चाहँदैन । रासायनिक मल, कीटनाशक औषधि, बीउबिजन समयमै उपलब्ध हुन नसक्ने, भएपनि कालोबजारी हुने आदि कारणले युवापुस्ता यसतर्फ आकर्षित हुन सकेका छैनन् । सहरोन्मुख क्षेत्र जहाँ सुबिधा छ त्यहाँ भएका सबै जमीन प्लटिङ भइसकेका छन् । ग्रामीण क्षेत्र जहाँ खेतीको बिकल्प छैन त्यहाँ काम गर्ने युवा सबै बिदेशिएपछि खेती हुन छाडेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० असार १८ गते शनिबार ३ जुलाई २०२३ । पूर्णिमा, आसाढ शुक्लपक्ष । दिल्लाथ्व ११४३ ने.सं. । सूर्योदय ५:१४, सूर्यास्त ७:०२ । गुरु पूर्णिमा । गुरु-व्यास पूजा । दिल्ला पुन्ही । पुर्णिमा व्रत ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : जिम्मेवारी पूरा गर्न सकिने | **तुला** | : नया् काम हात पर्ने |
| **वृष** | : गलत विचार बढ्ने | **वृश्चिक** | : कार्यान्तरण हुन सक्ने |
| **मिथुन** | : काममा अबरोध आउने | **धनु** | : शुभ समाचार सुन्न पाइने |
| **कर्कट** | : अधुरा काम पूरा हुने | **मकर** | : अनावश्यक खर्च बढ्ने |
| **सिंह** | : घरेलु समस्याले सताउने | **कुम्भ** | : भोजको अवसर मिल्ने |
| **कन्या** | : कुरा काट्नेहरु सक्रिय हुने | **मीन** | : स्वास्थ्य बिग्रन सक्ने |

# काठमाडौं प्रबेश गर्ने नाकाको बिकल्प किन नखोज्ने ?



✍ भानुभक्त आचार्य

सामाजिक-आर्थिक विकासको पूर्वसर्त नै पूर्वाधार विकास हो त्यो पूर्वाधारभित्र पनि सडकचाहिँ पूर्वाधार विकासको पनि पूर्वाधार हो । भनिन्छ विकास गाडी चढेर आउँछ । त्यसैले अहिले स्थानीय सरकारले वडाका गाउँबस्तीसम्म डोजर चलाएका छन् । बेशाख-जेठमा खनेको त्यस्ता सडक असार-साउनमा बगाएर बंगालको खाडीमा पुगिरहेका छन् ।

सडक सञ्जाल आकारका दृष्टिले नेपाल विश्वका दुई सय २२ देशमध्ये ११९ औं स्थानमा परेको छ । नेपालमा २०३१ मा सडक ऐन आएपनि त्यो ऐन अझै प्रभावकारी कार्यान्वयनमा आएको देखिदैन । उदाहरणका लागि हेटौंडा बजार क्षेत्र हेर्दा पुग्ला । पूर्वपश्चिम राजमार्गमा सबैतिर सडक क्षेत्राधिकार ५० मिटर कायम हुँदा हेटौंडा बजारमा भने अझै ३२ मिटर कायम गर्ने प्रस्ताव गरेर सडक बिस्तारमा तगारो हाल्ने काम भइरहेको छ ।

एसियन डेभलपमेन्ट बैंक (एडीबी) का अनुसार नेपालमा एक्सप्रेस-वे शून्य अंकमा छ । बैंकले सञ्चालन गरेको सासेक रोड कनेक्टिभिटीमा नेपालको सडक सञ्जालको अवस्था दयनीय देखिएको छ । साउथ एसिया सबरेजिनल इकोनोमिक्स कोअपरेसन (सासेक) प्रोग्रामलाई आधार मान्ने हो भने एक सय वर्गकिलोमिटर क्षेत्रफलमा जम्मा १४ किलोमिटर सडक छ अर्थात् एक हजार मानिसका लागि केवल १ किलोमिटर सडक मात्र पर्दछ ।

नेपालको मालसामान ढुवानी गर्ने सबैभन्दा भरपर्दो पारबहनको बिकल्प भनेकै सडक यातायात नै हो । ९० प्रतिशत मालसामान ओसार पसरा र यात्रु आवतजावत गर्ने माध्यम भनेकै सडक हो । सडक यातायातलाई बैज्ञानिक र न्यून जोखिमयुक्त बनाउनका लागि परम्परावादी सडक निर्माणको सिलसिला तोड्नै पर्छ । भारत तथा तेस्रो मुलुकसँगको ब्यापार तथा पारवहन मार्ग भनेको बीरगंज नाका नै हो । भारत तथा तेस्रो मुलुकबाट आयात निर्यात हुने सबैभन्दा उपयुक्त र महत्वपूर्ण नाका भनेकै बीरगंज-रक्सौल नाका हो ।

बीरगंजबाट मालबाह ट्रक काठमाडौंसम्म पुग्दा करिब २८५ किमि यात्रा गर्नुपर्छ । बीरगंज-हेटौंडा-नारायणगढ-मुग्लीन-मलेखु-नौबीसे-काठमाडौं खण्डमध्य सबैभनदा जोखिम र बर्षात्को समयमा बारम्बार अवरुद्ध हुने खण्ड भनेको नारयणगढ-मुग्लीन-मलेखु खण्ड नै हो । यसको बिकल्पको रुपमा मकवानपुरको मनहरीबाट परेवाभीर-कैलाश-डाँडाखर्क-मलेखु खण्डलाई थोरै खर्चमा स्तरीकरण गर्न सकिन्छ । चितवनको भण्डाराबाट धादिङको मलेखु निस्कनेगरी कान्द्राङगढी हुँदै जाने चेपाङमार्ग पनि सञ्चालनमा छ । यसको पनि स्तरीकरण गर्दा नारायणगढ-मुग्लीनको बिकल्प बन्न सक्छ ।

बीरगंज-हेटौंडा-मनहरी खण्ड करिब ८० किलोमिटर बर्षातको समयमा पनि नरोकिने खण्ड हो । मनहरी-डाँडाखर्क-मलेखु ५० किलोमिटर खण्डलाई स्तरीकरण गर्ने हो भने मुग्लीन-नारायणगढ-मलेखु खण्डको भरपर्दो बिकल्प हुनसक्छ । बीरगंज-हेटौंडा-मनहरी-मलेखु-काठमाडौं खण्डको लम्बाई पनि करिब ७५ किमि छोट्टिएर जम्माजम्मी २०० किमिमा सीमित गर्न सकिन्छ । यसो हुँदा समय पनि बचत हुनेछ र यातायातको संचालनमा हुने इन्धन खर्च, मेकानिकल ह्रास, जोखिम सबै कुरा घट्ने छ ।

मकवानपुरको मनहरी-कैलाश-डाँडाखर्क-मलेखु खण्डमा ट्र्याक खोल्ने काम भइसकेको छ । यसलाई स्तरीकरण गर्नका लागि पनि धेरै ठूलो धनराशी खर्च गर्नु पर्दैन । बढीमा १० अर्ब रुपैयाँ खर्च गर्ने हो भने त्यो रकम एक वर्षमा मुग्लीन घुम्ने ईन्धनबाटै बचत हुनेछ । यो बिषयमा स्थानीय सरकारले पनि अध्ययन गर्नु जरुरी छ । स्थानीय सरकारले आफ्नो भुगोलको अध्ययन गर्ने र प्रदेश वा संघीय सरकारलाई आग्रह गर्दा सहज हुनेछ । बीरगंज-काठमाडौंको दुरी करिब ७५ किमि घट्दा भाडादरमा पनि सहुलियत हुन जान्छ ।

मध्य असारदेखि नारयणगढ-मुग्लीन खण्डमा नियमित रुपमा समस्या आइरहेको छ । हरेक बर्षायाममा नारायणगढ-मुग्लीन खण्डमा पहिरोको समस्या आइरहेको छ । पटकपटक अवरुद्ध हुने यो सडकको बिकल्प खोज्नै पर्छ । यो अवस्थामा बुटवल पश्चिमबाट आउने सवारीसाधनलाई पनि मनहरी आएर कैलाश हुँदै मलेखु निस्कनका लागि दुरी छोटिन्छ । पश्चिमबाट आउने गाडीलाई पनि मनहरीबाट सीधै मलेखु निस्कने रुट उपयोगी हुनेछ ।

त्यसो त सरकारले रक्सौल काठमाडौं रेल सेवाको बिस्तार गर्न पनि खोजिरहेको छ । तर, तयो भारतीय सरकारको निगाहामा भरपर्ने कुरा हो । हाम्रो देशको बजेटले चाहेर त्यो बन्नेवाला छैन । सरकारले सबैभन्दा कम लागतमा निर्माण गर्न सकिने सम्भावना देखिएको बीरगंज-जीतपुर-निजगढ-शिखरपुर-सिस्नेरी-सतीखेल हुँदै काठमाडौं जोड्ने करिब २ सय १९ किलोमिटर लामो बाटो प्रयोग गर्ने गरी रेलसेवाको डिपिआर अध्ययन भएको छ ।

रेलमार्ग सञ्चालन भए भारतबाट आयात हुने सामान काठमाडौंसम्म ल्याउने लागत तथा समय घट्नेछ । नेपालमा भारतबाट सामान आयात गर्दा सबैभन्दा बढी वीरगन्ज नाका प्रयोग हुने गर्छ । आयात लागत घट्ने र समय बचत हुँदा काठमाडौंमा सामानको मूल्य कम हुनेछ । पेट्रोलियम पदार्थको बचतबाटै मनहरी-परेवाभीर-कैलाश-मलेखु सडकखण्ड निर्माण गर्न सकिन्छ । त्यो पनि नेपाल सरकारको बजेटमा ।

यता निजगढ-काठमाडौं फास्टट्र्याक पनि निर्माणाधीन अवस्थामा छ । समयमै फास्टट्र्याक संचालनमा आउने सम्भावना पटक्कै छैन । किनभने यो बढी महत्वाकांक्षी योजना हो । १५ वर्षअघि आधादर्जन मन्त्रीले सिलान्यास गरेको फास्टट्र्याक त्यसपछि पनि तीनपटक सिलान्यास भइसकेको छ । १५ वर्षअघि ७० अर्ब रुपैयाँमा निर्माण सम्पन्न हुने भनिएको फास्टट्र्याकको लागत बढेर दुई खर्ब रुपैयाँ भन्दा बढी भइसकेको छ । गुणस्तरीय सडक सञ्जालले देशलाई घाटा छैन । अब्यवस्थित अबैज्ञानिक सडकले मात्र घाटा पुऱ्याउने हो ।

हरेक वर्ष बर्षातको समयमा मात्र राष्ट्रिय राजमार्गको बिकल्पका बारेमा बहस हुने गरेको छ । तर, बर्षात रोकिएपछि बिकल्प खोज्ने बहस पनि रोकिने गरेको छ । हेटौंडाबाट काठमाडौं भ्याली प्रबेश गर्ने आधा दर्जन सडक छन् तर, ती सबै सडक बर्षातको समयमा अबरुद्ध हुन्छन् । सरकारसँग दीर्घकालीन सडक संचालन नीत नभएको भने होइन । सडक निर्माण गर्दा वातावरणीय र बर्षातको प्रभाव कस्तो पर्छ भनेर अध्ययन गर्ने चलन छैन ।

# कृषि उपज फाल्नुपर्ने अवस्था किन आउँछ ?



✍ सन्देश पौड्याल



गएको साता किसानले मूल्य नपाएर कालीमाटीमा गोलभेंडा फालेको समाचारले तरंगित बनायो । किसानले प्रतिकिलो २ रुपैयाँ पनि नपाएको गोलभेंडा उपभोक्तासम्म आइपुग्दा ४५ रुपैयाँ हुनगई मिहिनेत गर्नेले भन्दा स्रोत (कालीमाटी, वित्तीय स्रोत र सरकारी निकाय) मा पहुँच हुनेले बढी नाफा कमाए भनेर हामी मौसमी रूपमा आन्दोलित भयौं । मौसमी किनकि यो प्रत्येक वर्ष दोहोरिने समस्या हो । केही समय पत्रकारले विषय उठाउने र आम मानिस डिजिटल रूपमा उठ्ने लगभग परिपाटी नै बनिसक्यो । सरकार र उपभोक्ता महासंघले पनि यो सन्दर्भमा नियम बनाउने, अध्ययन गर्ने र प्रतिवेदन तयार गर्ने परिपाटी पनि मौसमी नियमानुसार चलिरहेकै हुन्छ ।

क्रमैसँग घट्दै गएर निमिट्यान्न हुनुपर्ने यो समस्या झन् धेरै किसान व्यावसायिक हुँदा किन बढिरहेको छ ? सरकारले सहुलियत कृषि ऋण, अनुदान र कृषिलाई प्राथमिकतामा राखेर बनाएका नीति/नियमले काम गर्दैछन् कि कर्मकाण्डीय चक्रमा फसिरहेका छन् ? किसानलाई लक्षित सरकारी र गैरसरकारी प्रायोजनमा हुने विभिन्न वित्तीय साक्षरतादेखि व्यावसायिक र प्राविधिक साक्षरताका कार्यक्रमहरूलाई कुरी-कुरी गर्ने काम भइराखेको त छैन ?

प्रश्नहरू धेरै छन् । उत्तरका लागि उत्तरको पनि कमि छैनन् तर समस्या ज्युँका त्यूँ हुँदा अब चाहिं समस्याको पहिचानमा नै हामी गल्ती गरिरहेका त छैनौं भन्ने प्रश्न उठेको छ ।

निर्वाहमुखी कृषि प्रणालीबाट व्यावसायिकतर्फको हाम्रो इतिहास धेरै पुरानो छैन । आफूलाई पुग्ने रोप्ने अनि बाँकी ऐंचो-पैंचो गर्ने परिपाटीबाट उत्पादनको मूल्य, लागत, बजार र बजारसम्म पुग्ने बाटो खोज्न थालेको पनि धेरै भएको छैन । तसर्थ धेरै समस्याको उत्तर हाम्रो समग्र कृषि प्रणालीको परिपक्वतासँग पनि जोडिन्छ ।

यसलाई यसरी पनि हेर्न मिल्ला: निजी क्षेत्रबाट हुने अन्य व्यापारहरू तुलनात्मक रूपमा सुदृढ छन्, प्रणालीगत व्यवस्थामा छन्, सरकार र नीतिनिर्माताहरूसँग सामीप्यता राख्छन् । जसका कारण निजी क्षेत्रमा आउने लगानीका कुरादेखि बजार व्यवस्थापनको कुरा अलि बढी राज्यसत्ताको चासोमा पर्दछन् । तर त्यसको दाँजोमा कृषिमा व्यावसायिक लगानी कम भएका कारण, साना कृषि लगानीकर्ताहरूको राज्यसँग सहज पहुँच नभएका कारण कृषि प्रणालीको विकास तुलनात्मक रूपमा सुस्त भएको हो ।

समग्रमा असंगठित रूपमा स-साना किसान बढी हुनु र कुल गार्हस्थ्य उत्पादन र जनशक्तिको अनुपात प्रतिकूल हुनुले पनि समस्या गिजोलिएको र समाधानउन्मुख नभएको देखिन्छ ।

### आँखा खोल्ने एउटा उदाहरण

केही समय अगाडिदेखि पूर्वी नेपालमा किबीको खुबै लहर आयो । विशेषगरी सरकारी तबरबाट पकेट क्षेत्रको घोषणा र गैरसरकारी क्षेत्रको प्रोत्साहनले धेरै किसानको किबी खेतीतर्फ आकर्षण ह्वात्तै बढ्यो । त्यसबेला किसानहरूसँग कुरा गर्दा किबी निकै फाइदाजनक रहेको, बिक्री मूल्य र नाफाको अनुपात धेरै भएको कुरा सुनिन्थ्यो । धेरै किसानले कागजमै हिसाब गरेर प्रति केजी ७०० रुपैयाँसम्म आउने र मनग्ये आम्दानी हुने सपनाका साथ खेती सुरु गरे ।

तर कस्तो किबीले प्रति केजी ७०० रुपैयाँ पाउने हो ? किबीमा कस्तो कस्तो रोग आउन सक्छ ? पोस्ट-हार्वेस्ट उत्पादनको व्यवस्थापन कसरी गर्ने ? सैद्धान्तिक प्रश्नदेखि उत्पादन धेरै हुँदा माग र मूल्यको सम्बन्ध कस्तो हुन्छ ? कस्तो किबी चाहिं राम्रो हो ? कहिले टिप्दा उपयुक्त हुन्छ ? भन्ने प्राविधिक विषयमा निकै कम जानकारी थियो । फलस्वरूप किबी उत्पादन गर्ने धेरै किसानले आशातित मूल्य पाएनन् ।

मनग्ये आम्दानी हुने कुरो त परै जाओस्, कतिको उत्पादन लागत नै नउठेको पनि सुनियो । प्रतिकेजी ६००-७०० आउने हिसाब गरेको किबी अन्ततोगत्वा ८०-१०० रुपैयाँमा बेच्दा कस्तो भयो होला ? किबीको उदाहरण प्रतिनिधि मात्र हो, विशेष फलफूलदेखि दिनानुदिन प्रयोग हुने फलफूल/तरकारीमा समेत यस्तो समस्या विद्यमान छन् । गोलभेंडा, काउली, भान्टा, दूध लगायत उत्पादन वर्षेनि सडकमा खन्याउनु यसैको ज्वलन्त उदाहरण हो ।

किबीको जस्तो समस्या आउनुमा गल्ती कसको त ? हाम्रोमा बिचौलियालाई सबै दोष थुपारेर अरु पानीमाथिको ओभानो हुने परिपाटी हावी छ । हो, बिचौलियाहरूले आृनो फाइदा हेरेका हुन्छन् । कृषि क्षेत्रमा मात्र होइन सबै क्षेत्रमा, समस्या कृषिमा मात्र किन जटिल छ त ? यदि बिचौलियाले अनुचित कार्य गरेको भए सामाजिक र कर कानुन मार्फत त्यसको निदान सरकारले किन नगरेको ? सरकारले चिस्यान केन्द्र र अन्य पोस्ट हार्वेस्ट पूर्वाधार किन नबनाएको ? किसानलाई मूल्यबारे सूचना दिन किन नसकेको ? के लगाउने, कसरी लगाउने, लगाउँदा समस्या कस्ता आउन सक्छन् ? आधारभूत प्रश्नको उत्तर किन दिन नसकेको ? शिक्षालय र कृषि ज्ञान केन्द्र लगायतहरूले व्यावसायिक कृषि प्रवर्धनमा किन आशातीत कोसिस गर्न नसकेको ? गैरसरकारी संस्थाले कृषक तालिम भनेर गरेको त्यत्रो लगानीको ठोस प्रतिफल के ? प्रश्नको फेहरिस्त पनि थोरै छैनन् ।

त्यसो त हाम्रो व्यावसायिक कृषिको धरातल यसै पनि कमजोर नै छ । व्यावसायिक परिमाणका लागि नपुग्ने खण्डित जमिन, कृषिमा व्यावसायिक ज्ञानको कमि, वित्तीय व्यवस्थामा कृषकको कमजोर पहुँच, कृषि पूर्वाधारको निराशाजनक/दुरवस्था र समग्र कृषि प्रणालीको बृहत्तर विकासका लागि उदासीन सरकारका कारण हाम्रो कृषिको अवस्था यथास्थितिमै रुमल्लिरहेको छ ।

हुन त नयाँ आउने सबै कृषिमन्त्रीले वैज्ञानिक भूमिसुधार, व्यावसायिक रूपमा सुदृढ आत्मनिर्भर कृषि प्रणाली, किसान सम्मान जस्ता लोकप्रिय नारा नदिएका होइनन् तर करिब ६५ प्रतिशत क्रियाशील जनशक्ति कृषिमै हुँदा पनि कृषि क्षेत्रमा रचनात्मक तथा प्रगतिशील नीति नआउँदा ती सबै कुरा लोकरिझ्याइँ हुन् भन्ने बारम्बार प्रमाणित भएका छन् ।

### समाधानतर्फको बाटो

जमिनको स्वामित्व (वैज्ञानिक भूमिसुधार अब सुन्दा-सुन्दा पट्यार लागिसक्यो) सम्बन्धमा सुधार नभइकन कृषि प्रणालीको सुधारको कुरा गर्नु जरा छोडेर पातमाथि पालिस घस्नु जस्तै हुन्छ । हाल नेपालमा जग्गाको औसत स्वामित्व करिब १३ रोपनी (०.६८ हेक्टर) रहेको छ भन्ने तुलना गर्दा भारतमा यस्तो परिमाण १.०८ हेक्टर (२१.२३ रोपनी) रहेछ । अलि परको कुरा होला तर अमेरिकामा यसको परिणाम ३ हजार ५४७ रोपनी रहेको छ । जग्गाको खण्डीकरण र पारिवारिक भागबण्डाका कारण यो स्वामित्व अझ कम हुँदै जाने देखिन्छ ।

जग्गाको स्वामित्व कृषि कार्यसँग मात्र सीमित नभएर वित्तीय पहुँचसँग पनि जोडिएको छ, करिब ६६.८ प्रतिशत ऋण जग्गाको स्वामित्वको आधारमा दिइन्छ जसको प्रत्यक्ष प्रभाव स्वामित्व नभएका असंख्य कृषकको वित्तीय पहुँचमा गएर जोडिन्छ । तर यो आलेख भू-स्वामित्व जस्तो जटिल विषयमा केन्द्रित छैन । करार खेती, चकलाबन्दी, कृषि जमिनको प्राथमिकीकरण आदि संवेदनशील र जटिल राजनैतिक मुद्दा हुन् जसको टिप्पणीयोग्य ज्ञान लेखकलाई छैन ।

सुन्दा विश्वास नलाग्ला तर आधारभूत तहमा हामीले गर्न सक्ने भनेको व्यावसायिक कृषि प्रणालीको विषयमा कृषकहरूलाई तालिम र अभिमुखीकरण नै हो । हुन त दुवै शब्द बदनाम छन्, तालिम लिने र दिने दुवैको त्यसमा गल्ती देखिन्छ । तर हालसम्म जे गल्ती भए त्यो दोहोरि रहनुपर्छ भन्ने छैन । यो लेख मार्फत म विशेषगरी गैरसरकारी संस्थाहरूलाई भन्न चाहन्छु, तालिममा आउनेलाई प्रोत्साहन भत्ता दिने चलन बन्द गरौं । बरु त्यो पैसा तालिमको विषयको स्तर र तालिम प्रदानको आधुनिक विधिमा खर्च गरौं ।

कृषकलाई बजार बारे जानकारी दिउँ, त्यसको गतिशीलताको जानकारी दिउँ । उत्पादनको माग, आपूर्ति र मूल्यमा त्यसको असर बारे जानकारी दिउँ । लागत मूल्य निर्धारणको जानकारी दिउँ, बजार व्यवस्थापनका धेरै अवयवको जानकारी दिउँ । कृषिमा आएका नयाँ प्रविधि र प्रयोगको जानकारी दिउँ । धरातल बुझेर अनि दूरगामी भएर दिउँ, बस दिनका लागि मात्र नदिउँ ।

कृषिसँग निकट भएर प्रविधि अघि बढ्नुपर्ने हो । कृषि विज्ञान, सिंचाइ, बजारको विषय, पूर्वाधार, कृषि औजार लगायत सबै विषयमा कृषि र प्रविधि समिप हुनुपर्नेमा हामीले अझ पनि पुरातन कृषि प्रणालीकै हालीमुहाली देखेका छौं । प्रति हेक्टर उत्पादकत्व कुनै उत्पादनमा बढेको त छ तर अझ पनि त्यो निकै कमजोर छ । कृषि प्रविधिमा सरकार, प्राज्ञिक तथा निजी क्षेत्रबाट प्रोत्साहन गर्नुपर्ने देखिन्छ ।

कृषिमा वित्तीय पहुँचको दुरवस्था हेर्दा त कतै स-साना किसानलाई प्राथमिकतामा राखी उनीहरूको वित्तीय आवश्यकता पूरा गर्न एउटा नयाँ वित्तीय संरचनाको आवश्यकता त छैन भन्ने प्रश्न पनि जोडदार रूपमा उठाउन सकिन्छ । चलिरहेका संस्थाहरूमा कृषि ऋणको कमजोर अवस्था, त्यसमा प्रशासनिक खर्चको अनुपात बढी, कृषि बुझ्ने जनशक्तिको कमिका कारण पनि विस्तार हुन नसकेको होला । नयाँ बनाएर होस् वा पुरानोलाई नयाँ जस्तो बनाएर, कृषिमा वित्तीय पहुँच बढाउने संरचनाको तत्काल आवश्यकतालाई नकार्न सकिँदैन । कृषि क्षेत्र नाम मात्रको लागि हाम्रो सबैभन्दा महत्वपूर्ण क्षेत्र होइन । सूचनाप्रविधिसँगै कृषि नै तुलनात्मक कम लगानीमा बढी प्रतिफल दिने क्षेत्र पनि हो । अझै दूरगामी हिसाबले हेर्दा कामको सिलसिलामा विदेशिनुभएका दाजुभाइ दिदीबहिनीहरू फर्किएर आशाका साथ गर्ने मुख्य पेशा/व्यवसाय पनि कृषि नै हो ।

कृषि क्षेत्रको व्यावसायिक विकासको आधार हामीले अहिले तयार गर्न सकेनौं भने विदेशिनुभएका पहिलो पुस्ता आएर नेपालमा केही गर्न मुस्किल हुनेछ जुन सामाजिक तथा आर्थिक सबै हिसाबमा प्रत्युत्पादक हुनेछ । फेरि अहिले नै कृषकहरूको अवस्था नसुधार्ने हो भने अझ धेरै नेपाली खाडीमा अमानवीय तवरले श्रमिक जीवन बिताउन बाध्य हुनेछन् । यसैसँग हाम्रो खाद्य सुरक्षा र सम्प्रभुता पनि जोडिएको छ ।

तसर्थ हाम्रो सुरक्षा, स्थायित्व, रोजगारी सिर्जना र समग्र आर्थिक सामाजिक उत्थानका लागि कृषि प्रणालीको निर्मम समीक्षा गरी अघि बढ्नुको विकल्प छैन । त्यसपछि मात्र तरकारी फाल्नुपरेको कारुणिक कथाहरू हराउने छन् ।

*(साभार: अनलाइनखबर)*

राष्ट्रिय समन्वय परिषदको पहिलो बैठक :

# दोहोरो अनुदान बन्द गर्ने, प्रमुख प्रशासकीय अधिकृत २ वर्ष सरुवा नगर्ने

पोखरा/संघ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्ध व्यवस्थित गर्ने संयन्त्र राष्ट्रिय समन्वय परिषदको पहिलो बैठक शनिबार पोखरामा बसेको छ ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, प्रदेशका मुख्यमन्त्रीहरु, स्थानीय तहका जनप्रतिनिधिसहितको बैठकले ६ महिनाभित्र संघीयता कार्यान्वयनमा तीन तहबीच देखिएका अस्पष्टता अन्त्य गर्नेलगायतका विभिन्न ६ वटा निर्णय गरेको छ ।

संघ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७ को दफा १६ मा संघ, प्रदेश र स्थानीय तहको समन्वय तथा अन्तरसम्बन्ध व्यवस्थित गर्न प्रधानमन्त्रीको अध्यक्षतामा २१ सदस्यीय राष्ट्रिय समन्वय परिषद रहने व्यवस्था छ ।

बैठकले प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको नेतृत्वमा कार्यविस्तृतिकरण परिमार्जन गरी तीनै तहका सरकारबीचको अधिकारमा ६ महिनाभित्र स्पष्टता ल्याउने निर्णय गरेको मधेशका मुख्यमन्त्री सरोजकुमार यादवले बताए ।




### दोहोरो-तेहरो अनुदान बन्द गर्ने

बैठकले अनुदान वितरण दोहोरो नपर्ने गरी क्षेत्र तोक्न एक समिति गठन गर्ने निर्णय गरेको छ । तीनै तहबाट जाने अनुदानको शीर्षक, प्रकृति र रकम अध्ययन गरी दोहोरो अनुदान बन्द गर्न समिति गठन गर्ने र त्यसमा प्रदेश तथा स्थानीय तहलाई समेत सहभागी गराउने निर्णय भएको कर्णाली प्रदेशका मुख्यमन्त्री राजकुमार शर्माले जानकारी दिए ।

अहिले संघ, प्रदेश र स्थानीय तहले आआफैं अनुदान रकम वितरण गर्दा कतिपयले दोहोरो अनुदान लिइरहेको र अनुदानको प्रभावकारिता नभएको गुनासो बढेको थियो । बिना समन्वय अनुदान वितरण गर्दा पहुँचवालाले पटक पटक पाउने, कसैले पाउँदै नपाउने परिस्थितिको अब अन्त्य हुने गाउँपालिका महासंघकी अध्यक्ष लक्ष्मीदेवी पाण्डेले बताइन् ।

### दोहोरो संरचना खारेज गर्ने

एउटै प्रकृतिको कामको लागि संघ र प्रदेशमा स्थापना भएका अलग अलग संरचना पनि अब हटाउने निर्णय भएको छ । संघीयता कार्यान्वयनपछि पनि संघीय सरकार र प्रदेश सरकारका उस्तै प्रकृतिका संरचना कायम रहँदा चालु खर्च बढेको र काममा दोहोरोपना बढेको भन्दै मुख्यमन्त्रीहरुले गुनासो गर्दै आएका थिए ।

'के कस्ता संरचना राख्ने, कुन खारेज गर्ने भन्ने विषयमा ३ महिनाभित्र सिफारिस गर्न समिति गठन गर्ने निर्णय भएको छ,' प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयका एक सचिवले भने, 'प्रदेश समन्वय समिति हेर्ने सचिवको नेतृत्वमा गठन हुने समितिले उपयुक्त विकल्प दिने छ ।'

### आयोजनामा पनि दोहोरोपना हटाउने

बैठकले आयोजनाहरुमा देखिएका दोहोरोपना हटाउन पनि समिति गठन गरेको छ । संघ, प्रदेश र स्थानीय तहले आआफ्नो हिसाबले आयोजना छनोट गर्दा एउटै सडकमा तीनवटै सरकारका बजेट परेको भनेर स्थानीय जनप्रतिनिधिले गुनासो गर्दै आएका थिए । अब यस्तो समस्या अन्त्य गर्ने जिम्मेवारी राष्ट्रिय योजना आयोगलाई दिइएको छ ।

आयोगले उपयुक्त व्यवस्था सहित ३ महिनाभित्र कार्यविधि पेश गर्ने निर्णय भएको लुम्बिनी प्रदेशका मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले जानकारी दिए ।

### कानुन निर्माणमा प्रदेश र स्थानीय तहको सहभागिता

एक भन्दा बढी तहको सरकारको साझा अधिकार सूचीका कानुन निर्माण गर्दा आपसमा सहकार्य गर्ने निर्णय पनि बैठकले गरेको छ । साझा अधिकार सूचीका कानुन नै नबन्दा प्रदेश र स्थानीय तहले बजेट कार्यान्वयनमै समस्या परेको गुनासो गर्दै आएका थिए ।

साझा अधिकार सूचीका कानुन निर्माण गर्दा स्थानीय तह र प्रदेशको राय र सुझाव लिने सहमति भएको वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंहले बताए ।

बैठकमा संघीयता कार्यान्वयनका लागि अत्यावश्यक कानुनको निर्माण र बनेका कानुनको कार्यान्वयन गर्ने पनि सहमति भएको छ । त्यसमध्ये पनि संघीय निजामती सेवा ऐन प्रतिनिधिसभाको यसै अधिवेशनमा पेश गर्ने सहमति भएको बैठकमा सहभागी एक सचिवले जानकारी दिए ।

### प्रमुख प्रशासकीय अधिकृतको २ वर्ष सरुवा नगर्ने

बैठकमा स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत कम्तीमा २ वर्षका लागि खटाउने सहमति भएको छ । प्रदेशमा खटिएका सचिव पनि एक वर्ष सरुवा नगर्ने सहमति भएको बैठकमा सहभागी एक सचिवले बताए । संघले प्रमुख प्रशासकीय अधिकृत र प्रदेशका सचिव पठाउने र प्रदेश तथा स्थानीय तहले हाजिर गराउने सहमति भएको ती सचिवले जानकारी दिए ।

हाजिर नगराउने प्रदेश वा स्थानीय तहको अनुदान रोक्का गर्ने पनि निर्णय भएको उनले बताए । कतिपय प्रदेशले प्रमुख प्रशासकीय अधिकृत आफैं खटाउने गरी प्रदेश निजामती ऐन बनाएका छन् ।

तर संघीय ऐनले स्पष्ट नगर्दासम्म हाजिर गराउने काम स्थानीय तहको र खटाउने काम संघको हुने गरी सहमति भएको हो ।

### एकीकृत अभिलेख प्रणालीको विकास गर्ने

राष्ट्रिय समन्वय परिषदको बैठकमा राष्ट्रिय तथ्यांकको एकीकृत अभिलेख प्रणाली विकास गर्ने निर्णय पनि भएको छ । तीन तहका सरकारका फरक फरक तथ्यांक हुँदा समस्या भएकाले एकीकृत अभिलेख प्रणालीको विकास गर्ने निर्णय भएको हो ।

'हिजो एकात्मक सरकारको तथ्यांक सिस्टम भत्क्यो तर संघीयतामा गइसकेपछि तथ्यांकको एकीकृत अभिलेख नै भएन', बैठकमा सहभागी एक अधिकारीले भने, 'यसका लागि कस्तो संरचना बनाएर कसरी बढ्न सकिन्छ भन्ने विषयमा राष्ट्रिय तथ्यांक कार्यालयका प्रमुखको संयोजकत्वमा समिति बनाउने र छिटोभन्दा छिटो प्रतिवेदन पेश गर्ने निर्णय भएको छ ।'

### जग्गा प्राप्तिलाई सहज बनाइने

बैठकमा स्थानीय तह र प्रदेशका जनप्रतिनिधिले जग्गा प्राप्ति झन्झटिलो हुँदा विकास निर्माण र बजेट कार्यान्वयनमा समस्या परेको गुनासो गर्दै आएका थिए । यो विषयमा शुक्रबार भएको मुख्यमन्त्रीहरुको बैठकले साझा धारणा बनाएको थियो ।

शनिबारको बैठकले जग्गा प्राप्ति सम्बन्धी ऐन नबन्दासम्म जग्गा प्राप्तिको प्रक्रियालाई सहज बनाउने निर्णय गरेको छ । बैठकमा प्रधानमन्त्री प्रचण्डले नै जग्गा प्राप्तिको प्रक्रियालाई सहज बनाउने प्रतिवद्धता जनाएका थिए । कम्तीमा जग्गा प्राप्ति हुने वा नहुनेबारे १/२ महिनामै निर्णय दिन सकेमा विकास निर्माण प्रभावित नहुने विषयमा छलफल भएको बैठकका एक सहभागीले बताए । प्रथम राष्ट्रिय समन्वय परिषदको बैठकमा तीनै तहको सरकारबीच संघीयता कार्यान्वयनको धेरै विषयमा एक मत देखिएको र यो संघीयता कार्यान्वयनमा कोसेढुंगा सावित हुने गण्डकीका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले बताए ।

बैठकमा कोशीबाहेक ६ प्रदेशका मुख्यमन्त्री, गाउँपालिका र नगरपालिका महासंघका अध्यक्ष तथा प्रतिनिधि सहभागी थिए । त्यस्तै अर्थमन्त्री डा. प्रकाशशरण महत, कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङ, विपक्षी दलका प्रतिनिधि तथा पूर्वअर्थमन्त्री विष्णु पौडेल लगायत सहभागी थिए ।

*(स्रोत: अनलाइनखबर)*

# हेटौंडाका पेट्रोलियम ढुवानी व्यवसायी आन्दोलनको तयारीमा

साझाकुरा संवाददाता

हेटौंडा, १६ असार/ पेट्रोलियमपदार्थ ढुवानी गर्ने ट्यांकर व्यवसायीले आन्दोलनको तयारी गरेका छन् । सरकारले आगामी आर्थिक वर्षको बजेटमा व्यवसायीलाई अप्ठेरो पार्ने गरी कर नीति तय गरेको भन्दै उनीहरुले शनिबार जिल्ला भेला आयोजना गरेका छन् ।

उनीहरुले व्यवसायीलाई भ्याट र प्यानमा लैजाने बहानामा अनावश्यक झनझट सिर्जना गरेको आरोप लगाएका छन् । उनीहरुले २०७६/७७ को बजेट वक्तव्यमा भएको व्यवस्थालाई गलत अर्थ लगाएर अहिले व्यवसायीसँग पुरानो करको बक्यौता भनेर राजस्व कार्यालयले उठाउन खोजिरहेको आरोप लगएका छन् ।




नारायणी पेट्रोलियम विक्रेता संघ अध्यक्ष उत्सव इटेनीका अनुसार व्यवसायीलाई अहिले राज्यले भ्याटमा जान बाध्य बनाएपनि पुरानो करको विषयलाई अनावश्यक व्याख्या गरेर दु:ख दिन लागेको बताए । जिल्ला राजस्व कार्यालय, व्यवसायी र नेपाल आयल निगमको कर्मचारीवीच समस्या समाधानको विषयमा तत्काल छलफल अगाडि बढाउने र माग पूरा नभएर आन्दोलन गर्ने गरी भेला सम्पन्न भएको अध्यक्ष इटेनीले जानकारी दिए ।

भेलालाई नारायणी यातायात व्यवसायी कम्पनी प्रालि हेटौंडा र नारायणी यातायात व्यवसायी संघ हेटौंडाको पनि समर्थन रहेको छ । भेलामा उपस्थित व्यवासयीले राज्यले विभिन्न बहानामा आफूहरुलाई समस्या पार्ने काम गरेको भन्दै तत्काल आन्दोलन घोषणा गर्न नेतृत्वलाई सुझाएका थिए ।

# थाहाको १ नम्बर वडामा वडा बालसंजाल गठन

साझाकुरा संवाददाता

हेटौंडा, १६ असार/ थाहा नगरपालिकाको आयोजनामा बालमैत्री थाहा नगरपालिका घोषण अभियान अन्तर्गत शनिवार वडा नं.१ मा वडा बालसंजाल गठन भएको छ ।

थाहा नगरपालिका वडा नं.१ स्थित सुनौलो विकास केन्द्र कुन्छालमा भएको भेलामा थाहा-१ बालमैत्री स्थानीय वडा शासन समितिका अध्यक्ष एवम् वडाअध्यक्ष हेरमान गोपालीको सभाध्यक्षतामा भएको हो । कार्यक्रममा जीवन्त शिक्षाका अध्यक्ष रामकुमार विडारी, सुनौलो सामुदायिक सिकाइ केन्द्रका अध्यक्ष रुपचन्द्र गोपाली, बालमैत्री सहजकर्ता रेनु गोपाली लगायतको सहभागिता रहेको थियो ।



बिहानी बालक्लव, सुनौलो बालक्लव, कुलगाउँ बालक्लव, झम्केश्वरी बालक्लव र लिटिलस्टार बालक्लवका ६५ जना बालबालिका सहभागिता रहेको थियो । भेलाले सीता गोपालीको अध्यक्षतामा १५ सदस्यीय वडा बालसंजाल चयन गरेका छन् । समितिको उपाध्यक्षमा प्रकृति गोपाली, सचिव धनलक्ष्मी बलामी, सहसचिव अनिशा तामाङ, कोषाध्यक्ष सुमी बलामी, सदस्यहरु अंकिता गोपाली, सुहाना गोपाली, अनिशा गोपाली, यमुना श्रेष्ठ, स्वर्णिमा प्रधान, कृतिका लामिछाने, संकल्प श्रेष्ठ, दीपा प्रधान, रोनिक बलामी र मिलन तामाङ रहेका छन् ।

कार्यक्रममा अतिथिहरुले बालक्लव तथा संजाल गठनको उद्देश्य, महत्व तथा आवश्यकता बारे बालवालिकामाझ प्रशिक्षणात्मक तवरले धारणा राखेका थिए ।

# पालुङ जेसीजद्वारा ज्येष्ठ नागरिकको स्वास्थ्य परीक्षण

साझाकुरा संवाददाता

हेटौंडा, १६ असार/ मकवानपुरको थाहा नगरपालिकामा क्रियाशिल पालुङ जेसीजले स्थानीय उत्पादनहरुको बजार प्रबर्द्धनका लागि सहजीकरण गर्न अन्तरक्रिया र ज्येष्ठ नागरिकको स्वास्थ्य परीक्षणका साथै दहीचिउरा खुवाउने कार्यक्रम सम्पन्न गरेको छ ।

जेसीजले शुक्रबार थाहा नगरपालिका ३ मा क्रियाशील नमूना लघुउद्यमी महिला समूहको समन्वयमा स्थानीय महिलाले उत्पादन गरेका अचार लगायतका उत्पादनको बजार प्रबर्द्धन गर्नमा सहकार्यको लागि समन्वय गर्न अन्तरक्रियाको आयोजना गरेको हो ।

थाहानगरमा उत्पादन भएका भएका हस्तकलाका सामग्री र खाद्यान्न सामग्रीको जेसीजले आफ्नो कार्यक्रममा थाहानगरको चिनो स्वरुप र देशका बिभिन्न क्षेत्रमा बजारिकरणको लागि पहल गर्नको लागि अन्तरक्रिया आयोजना गरिएको पालुङ जेसीज बर्ष २०२३ का अध्यक्ष संगम कार्कीले बताएका छन् । कार्यक्रम पालुङ जेसीज बर्ष २०२३ का उपाध्यक्ष अजित कार्कीको संयोजकत्वमा भएको थियो ।

त्यसैगरी जेसीजले शुक्रबार नै थाहा नगरपालिका ३ मा रहेको सीताराम ज्येष्ठ नागरिक दिवासेवा केन्द्रमा ज्येष्ठ नागरिकको स्वास्थ्य परीक्षणका साथै दहीचिउरा खुवाउने कार्यक्रम सम्पन्न भएको छ । थाहा नगरपालिका-१ मा रहेको संकल्प पोलिक्लिनिक र विङ युथ संस्थाको सहकार्यमा केन्द्रका २५ जना ज्येष्ठ नागरिकको स्वास्थ्य परीक्षण गरिनुका साथै स्वास्थ परामर्श दिईएको थियो । स्वास्थ्य परीक्षणका साथै दहीचिउरा खुवाउने कार्यक्रम पालुङ जेसीज बर्ष २००५ का अध्यक्ष सानोभाइ कार्कीको प्रमुख आतिथ्यतामा भएको थियो ।

# बालबालिका यसरी फस्दैछन् साइबर अपराधीको जालोमा

**घटना-१**

कक्षा १० मा अध्ययनरत १६ वर्षीया स्मिता थापालाई ६ महिनाअघि विदेशमा रहेका दाइले पढाइमा सहयोग हुने भन्दै मोबाइल पठाइदिए । मोबाइल पाएर स्मिता मक्ख परिन् ।

नयाँ मोबाइलमा टिकटक, फेसबुक, इन्टाग्राम सबै डाउनलोड गरिन् । आफ्नो फेसबुक अकाउन्टबाट सबै साथीलाई फ्रेन्ड रिक्वेस्ट पठाइन् । केही नयाँ साथी पनि बनाइन् । एक दिन अचानक उनलाई अनमोल केसीको फ्रेन्ड रिक्वेस्ट आयो । आफूलाई एकदमै मनपर्ने हिरोको फ्रेन्ड रिक्वेस्ट आएपछि उनले रिक्वेस्टलाई स्वीकार गरेर साथी बनिहालिन् ।

त्यसपछि उनीहरूबीच च्याटमा कुराकानी हुन थाल्यो । उनलाई तिमी कति वर्षको भयौ, कहाँ बस्छौ ? जस्ता प्रश्नहरू सोधियो उनले जवाफ दिंदै गइन् । उताबाट फोटो खिचेर पठाउन भन्ने कुरा आयो, उनले पनि फोटो खिचेर पठाइन् । कुरा हुँदै गयो । केही समयपछि अनमोल केसीको फोटोको ठाउँमा अर्को फोटो परिवर्तन भयो ।

उनले सोचेको हिरो अनमोल केसी नभएर अर्कै व्यक्ति रहेछन् । त्यही पनि उनीहरूको कुरा भइरहन्थ्यो । त्यो केटाले उनलाई माया गर्ने बतायो । उनीहरूको कुरा अझै लामो हुँदै गयो । उनलाई त्यो व्यक्तिले अर्धनग्न फोटो पठाउन भन्यो । उनले मानिनन् । 'तिमीलाई मेरो माया लाग्दैन, विश्वास लाग्दैन पठाउन ।' व्यक्तिले जवाफ दियो ।

फोटो पठाएपछि पनि उनीहरूको साधारण कुरा भइरह्यो । केही दिनपछि फेरि अर्को अर्धनग्न फोटो पठाउन त्यो व्यक्तिले दबाब दियो । उनले पहिले पठाएको फोटो छ त भन्ने जवाफ फर्काइन् । त्यो फोटो हरायो अर्को पठाऊ भनेर जवाफ आयो । विश्वास गरेर उनले फेरि अर्को फोटो पठाइन् । त्यसको केही दिनपछि त्यो व्यक्तिले स्मितालाई फोन गरेर तेरो अर्धनग्न फोटो मसँग छ, मलाई ३० हजार रुपैयाँ दे, नत्र फोटो फेसबुकमा राखिदिन्छु' भन्यो ।

स्मिता साह्रै डराइन् । फेरि त्यसरी नै फोन आयो । मसँग पैसा छैन अब यसरी फोन गरिस् भने पुलिसमा उजुरी गर्छु भनिन् । 'तैंले उजुरी गरेर मलाई कहिले समात्ने, त्यो बेलासम्म म तेरो फोटो सार्वजनिक गर्दिन्छु ।' त्यो व्यक्तिको जवाफले स्मिता झन् तनावमा परिन् । कसलाई सुनाउनु भनेर चुपचाप बसिन् । अर्को दिन हिम्मत गरेर उनले यो सब कुरा आमालाई सुनाइन् । आमाले सबै कुरा स्मिताको दाइलाई सुनाइन् । दाइले साइबर ब्युरो गएर उजुरी गर्ने सल्लाह दिए । सल्लाह अनुसार उनीहरूले साइबर ब्युरोमा रिपोर्ट गरे र त्यो व्यक्तिलाई कारबाही भयो ।

**घटना-२**

कक्षा ९ मा अध्ययनरत आमेश तामाङसँग आफ्नो मोबाइल छैन । उनी फुर्सदको समयमा दाइको फोन चलाउँछन् । उनलाई मोबाइलमा गेम खेल्न र फेसबुक चलाउन एकदमै मन पर्छ । म्यासेन्जरमा साथीहरूसँग गफ गर्ने क्रममा उनको म्यासेन्जरमा तपाईंले आइफोन जित्नु हुनेछ भन्ने एउटा लिंक आयो । के रहेछ भनेर उनले त्यो लिंकमा थिचे । त्यो लिंकमा थिचेपछि उनको इमेल आइडी माग्यो उनले इमेल हाले त्यसपछि त उनको फेसबुक चल्नै छाड्यो । किन चलेन होला भनेर उनलाई चिन्ता लाग्यो ।

बिग्रियो होला एक दुई दिनमा चल्छ भन्ने लाग्यो उनलाई । तर उनको फेसबुकबाट नराम्रो फोटो साथीलाई ट्याग गर्ने, साथीलाई जथाभावी म्यासेज गर्ने लगायतको समस्या भएपछि उनले आफ्नो फेसबुक ह्याक भएको थाहा पाए । उनले यो कुरा परिवारमा कसैलाई भन्न सकेका छैनन् । एक हप्ताअघि नयाँ फेसबुक बनाएर साथीहरूलाई आफ्नो पुरानो आइडी ह्याक भएको कुरा जानकारी गराए ।

बालबालिका साइबर बुलिङ, यौनजन्य सामग्री आदानप्रदान, अनलाइन लाइभमा बस्दा दुर्व्यवहार र अनलाइन गेमिङ लगायतका साइबर अपराधको जालोमा धेरै फस्ने गरेको पाइने साइबर ब्युरोका प्रवक्ता पशुपतिकुमार राय बताउँछन् ।

बालिकाहरू बढी साइबर अपराधको सिकार हुने गर्छन् । बालिकाहरूलाई सामाजिक सञ्जाल मार्फत ललाइफकाइ गरेर उनीहरूसँग पैसा माग्ने काम गर्छन् । उनीहरूलाई त्यसरी फसाउने व्यक्तिहरू स्कुले तथा प्लस टु पढ्दै गरेका केटाहरू नै हुने गरेको बढी पाइने मनोविद् पनेरु बताउँछिन् ।

### के हो साइबर अपराध ?

विकीपिडियामा उल्लेख भएअनुसार विद्युतीय उपकरणहरू कम्प्युटर, मोबाइल तथा यसको नेटवर्कका माध्यमबाट हुने कुनै पनि प्रकारका आपराधिक कार्यलाई साइबर अपराधका रूपमा परिभाषित गरिएको छ । खासगरी साइबर माध्यमको दुरुपयोग गरेर हुने गलत तथा गैरकानुनी क्रियाकलापलाई साइबर अपराध भनिन्छ ।

अन्य अपराधभन्दा यसको प्रकृति र शैली बिलकुल फरक छ भने यसको प्रभाव पनि शक्तिशाली र आम रूपमा हुन्छ । विद्युतीय प्रविधिको गलत प्रयोगले निम्त्याउने यी अपराध अन्य अपराधभन्दा भिन्न शैलीको हुने प्रवक्ता राय बताउँछन् ।

### कस्ता क्रियाकलाप साइबर अपराध हो ?

इन्टरनेटको प्रयोगमार्फत गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, इन्टरनेट फ्रड (धोकाधडी), अर्काको पहिचान अनधिकृत रूपमा प्रयोग, क्रेडिट कार्ड तथा एकाउन्ट आदिको चोरी गरी गरिने बैङ्किङ कसुर, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुर्‍याइने क्षतिलगायत अवैधानिक कार्य साइबर अपराध हो ।

त्यस्तै फेक आइडी बनाउने, सामाजिक सञ्जाल प्रयोग गरी गाली गर्ने, वेबसाइट ह्याक गर्ने, फोटो सम्पादन गरी स्वरूप परिवर्तन गर्ने, अश्लील फोटो/भिडियो पठाउने, सामाजिक सञ्जालमार्फत जिस्काउने, अपमान गर्ने, कल बाइपास, गैरकानुनी इमेल, एसएमएस, धम्की दिने जस्ता कार्यलाई पनि साइबर अपराध मानिन्छ ।

*(स्रोत: अनलाइनखबर)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

साझाकुरा

"तपाई, हामी सबैको कुरा"

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा
राष्ट्रिय दैनिक



वेबसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।
www.sajhakuranews.com

# जनप्रियमा हेटौंडा उपमहानगरको विषयगत शैक्षिक प्रदर्शनी

साझाकुरा संवाददाता

हेटौंडा, १६ असार/ हेटौंडा उपमहानगरपालिका शिक्षा विकास महाशाखाको आयोजना र जनप्रिय माविको संयोजनमा विषयगत शैक्षिक प्रदर्शनी २०८० आयोजना गरिएको छ । जसमा शिक्षक तथा विद्यार्थीले तयार गरेका विविध शैक्षिक सामग्रीको प्रदर्शनी, तिनीहरुको प्रयोग तथा उद्देश्य बारे अवलोकनकर्तालाई जानकारी दिने काम गरिएको छ ।



महाशाखा प्रमुख गंगाधर रिमालको सभाध्यक्षता र हेउमनपाका उपप्रमुख राजेश बानियाँको प्रमुख आतिथ्यता रहेको कार्यक्रममा २० स्टलमार्फत् ११ विद्यालयको प्रदर्शनी रहेको थियो । जनप्रिय माविका अप्राविधिकतर्फ गणित तथा विज्ञान विषयका प्रदर्शनी रहेको थियो । स्टाफ नर्सको व्यवस्था रहेको यो विद्यालयले हेल्प तथा हेल्थ डेस्कको छुट्टै व्यवस्था गरेको थियो ।

सचिवालय, सामग्री निर्माण तथा व्यवस्थापन, कार्यक्रमको ढाँचा आदिबारे शिक्षक तथा विद्यार्थीको विभिन्न समूहमार्फत् सहयोग र सहकार्यमा प्रदर्शन गरिएको जनप्रियको कृषि प्राविधिकतर्फको स्टलमा प्रदर्शनीका लागि प्रशिक्षक अणिमा पोखरेलको नेतृत्वमा रहेको शिक्षक तथा विद्यार्थी समूहले बीउबीजनसम्बन्धी सामग्री निर्माण गरी सोमार्फत् जानकारी दिने काम गरेको थियो ।

यस्तै आधुनिक राष्ट्रिय मावि र ज्योति माविको भिन्दाभिन्दै विषयअन्तर्गतका २/२ स्टल रहेका थिए । ज्योति माविका शिक्षक कपिल पराजुलीका साथमा विद्यार्थीले स्वयम्भुनाथ स्तुप, मन्दिर, मादल, डम्फुलगायत सामग्रीका साथै गणित विषयमा प्रयोग हुने विभिन्न सूत्रका लागि बनेका सामग्रीका साथै विभिन्न आकृतिलगायतको स्टल प्रदर्शनी गऱ्यो । कमाने एकेडेमीले शिक्षक शर्मिला तामाङ तथा विद्यार्थीमार्फत् अतिरिक्त क्रियाकलापका साथ अध्ययनमा हौसला दिनेगरी दिनभरमा सयौं विद्यार्थीलाई कागजका विभिन्न चित्रात्मक शैक्षिक सामग्रीको प्रयोगमा प्रत्यक्ष सिकाइ गतिविधि समेत गऱ्यो ।

गणित सिकाइका लागि जनप्रिय माविले शिक्षक अजन्ता पराजुली, आशिष बल, रामकृष्ण विश्वकर्मामार्फत्, ज्ञानदा माविले शिक्षक सविना वाइबा, ज्योति माविले शिक्षक युवराज लोप्चन, नवोदय शिशु सदनले शिक्षक गोपाल घिमिरे, चन्द्रोदय माविले शिक्षक ब्रजकिशोर गुप्ता तथा विद्यार्थीमार्फत् गणित विषयका सामग्रीको प्रदर्शन गरेका थिए ।

जिएस निकेतनले शिक्षक सुरज कटुवालमार्फत् सौर्य प्रणाली बारे जोड दिँदै विज्ञान विषयको प्रदर्शनीका साथै जनज्योति माविले शिक्षक हरि पौडेल र कविता विश्वकर्मा तथा ज्योति माविले परम्परागत बाजागाजा, भेषभुषा आदिमार्फत् सामाजिक विषयको प्रदर्शनीमा जोड दिएका थिए ।

हेटौंडा एकेडेमीले शिक्षक विनोद अधिकारी तथा विद्यार्थीमार्फत् प्रदर्शनी गरेको थियो । जहाँ सेन्सर प्रविधि राखिएको चश्माबाट दृष्टिबिहिनले सम्भावित दुर्घटनाबाट बच्न सकिने, रोबोटिक्स, सौर्य कुकर र राइस मिल जस्ता नमुना प्रदर्शित थिए । हरेक स्टलमा शिक्षक र विद्यार्थीबाट अध्ययन अध्यापनमा प्रयोग हुने सामग्रीबारे आगन्तुकलाई चर्चा गर्दै त्यसका प्रयोग तथा फाइदाबारे बताइएको थियो ।

कार्यक्रममा सामुदायिक विद्यालयतर्फबाट प्रतिनिधित्व गर्दै आरामाविका शिक्षक कमल दाहालले छोटो अवधिमा उत्कृष्ट कार्यक्रम बनेता पनि यस्ता कार्यक्रम उपयुक्त समयमा गरेर अझै वृहत बनाउन सकिने सुझाव दिए । संस्थागत विद्यालयका तर्फबाट नवोदय शिशुसदनका शिक्षक गोपाल घिमिरेले शिक्षक तथा विद्यार्थीद्वारा निर्मित शैक्षिक सामग्रीलाई प्रदर्शनी राख्ने र अन्य विद्यालयका सामग्री अवलोकन गर्ने अवसर मिलेकोमा बताए । जनप्रिय माविका प्रअ भुपेन्द्र चौलागाईंले कार्यक्रम सफल हुनुमा स्वयम्सेवक विद्यार्थीलाई अभिमुखिकरण, शिक्षकको एकजुट भावना, व्यवस्थापन समितिको सहयोग तथा शिक्षा महाशाखाको विश्वास रहेको बताए ।

शिक्षा अधिकृत सुनिता महर्जन, रमेश बिडारी, रामचन्द्र खड्का र प्राविधिक सहायक उषा गौतमको उपस्थिति रहेको थियो । हरेक स्टल शैक्षिक सामग्रीले भरि भराउ रहेका, शिक्षकले सकेसम्म यस्ता सामग्रीको निर्माण गरी सिकाइमा सहजता ल्याउन सुझाव दिँदै शिक्षा महाशाखा प्रमुख रिमालले जनप्रिय माविले उत्कृष्ट व्यवस्थापन गरेकोमा धन्यबाद दिए । कार्यक्रममा दिनभरिमा ४ हजारले अवलोकन गरेका थिए भने स्टल सञ्चालन गरेका विद्यालयका अलावा गौरि शिखर इङ्लिस बोर्डिङ स्कूल, बालजागृति युवावर्ष मावि, जनजागृति मावि, फेमकल एकेडेमी, कृष्ण आदर्श बोर्डिङ स्कूल, सुनगाभा शिक्षा निकेतन मावि, पेन्टागन एकेडेमी, बागेश्वरी मावि, त्रिभुवन मावि आदिबाट प्रदर्शनी अवलोकन गरिएको थियो ।

# पर्यटकीय गन्तव्य उन्मुख राक्सिराङको जलपरी झरना

साझाकुरा संवाददाता

हेटौंडा, १६ असार/ राक्सिराङ गाउँपालिकामा रहेको जलपरी झरना आकर्षक पर्यटकीय स्थलका रुपमा विकास हुँदैछ ।



भौगोलिक रुपले विकट राक्सिराङमा जलपरी झरना र चमेरो गुफा पर्यटकीय गन्तव्यका रुपमा विकसित भइरहेको छ । झरना र गुफाको विकासका लागि स्थानीय गाउँपालिका र प्रदेश सरकारले नै लगानी गरिरहेको छ । दुवै सरकारको लगानीमा राक्सिराङ गाउँपालिकाको जलपरी झरना परिसरको सौन्दर्यतामा वृद्धि हुँदै गइरहेको हो । प्राकृतिक रुपले आकर्षक र सुन्दर जलपरी झरना परिसरमा बागमती प्रदेश सरकारको लगानीमा राक्सिराङ गाउँपालिकाले भौतिक संरचनाहरु निर्माण गरेपछि व्यवस्थित बनेको हो ।

राक्सिराङ ३ स्थित सिद्धार्थ हरियाली सामुदायिक वन उपभोक्ता समूहको क्षेत्रमा पर्ने जलपरी झरना र त्यसको आडैमा रहेको चमेरो गुफासम्म पुग्नका लागि अहिले दोहोरो बाटो निर्माण भएको छ । यसअघि बनाइएको फलामे रेलिङसहितको बाटोलाई सुधार गरिएको छ भने त्यसको बिपरित फलामे पुल र अर्को बाटो निर्माण गरिएको छ । फलामे रेलिङ र सिन्धुपाल्चोकबाट ल्याइएको ढुंगा बिछ्याएर झरनासम्म जाने बाटो आकर्षक बनाइएको छ । झरना पुग्नेबित्तिकै सवारीसाधन पार्किङ र त्यसभन्दा दक्षिणतर्फको जंगलमा दुईवटा ट्रस्ट भवन निर्माण गरिएका छन् । ती ट्रस्ट वनभोजका लागि उपयोग गरिनेछ । सार्बजनिक शौचालय निर्माण भएको छ भने झरनाको तल्लो भागमा टिकट घरका लागि भवन निर्माण भएका छन् ।

'झरना नजिकै जलपरीको एउटा मूर्ति राख्ने सोच छ', राक्सिराङ गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत देवचन्द्र गर्तौलाले बताए । तर, यसबर्ष बागमती प्रदेश सरकारले जलपरी झरनाको लागि बजेट बिनियोजन गरेको छैन । तैपनि जलपरी झरनालाई दशैंअघि नै प्रमुख पर्यटकीय केन्द्रको रुपमा विकास गर्नेगरी तयारी गरिएको गाउँपालिका अध्यक्ष राजकुमार मल्ल बताउँछन् । 'हामी अब हरेक संघसंस्था र हाम्रो आन्तरिक बैठक यसैमा सञ्चालन गर्ने गरी तयारी गर्छौं', मल्लले भने ।

मनहरी बजारबाट मोटरसाइकलमा ३५ मिनेटमै पुग्न सकिने जलपरी झरना क्षेत्रको बहुआयामिक विकासका लागि हरेक क्षेत्र र ढंगबाट पहल कदमी लिइने गाउँपालिका उपाध्यक्ष बनस्तम थिङले बताए । अबको केही समयभित्र झरना सञ्चालनका लागि समिति निर्माण गरी कर्मचारीको व्यवस्थापन गर्ने र प्रवेश टिकटको व्यवस्था मिलाइने राक्सिराङ गाउँपालिका ३ नं वडाध्यक्ष उत्तम वाइबाले बताए । जलपरी झरना परिसरमा भौतिक संरचना निर्माण अहिले पनि जारी नै छ । यसको सौन्दर्य बढाउनका लागि झाडी सफाई भएको छ भने फूलका विरुवा रोपिएका छन् ।

राक्सिराङ गाउँपालिकाको प्रमुख पर्यटकीय केन्द्रको रुपमा विकास हुँदै गरेको वडा नं ३ जलपरी झरना र चमेरो गुफा क्षेत्रमा फूलका विरुवा रोपिएको हो । राष्ट्रिय बृक्षरोपण दिवसको अबसर पारेर राक्सिराङ गाउँपालिकाले पर्यटकीय क्षेत्रको सौन्दर्यता बृद्धिका लागि बृक्षरोपण गरेको हो । सिद्धार्थ हरियाली सामुदायिक वन उपभोक्ता समूहको क्षेत्रमा रहेको जलपरी झरना र चमेरो गुफामा ५ सय थान फूलका बिरुवा रोपिएको गाउँपालिकाले जनाएको छ । गुलमोर, लालुलाते, चुवा लगायतका फूलका बिरुवा रोपिएको गाउँपालिका अध्यक्ष मल्लले बताए ।

बिरुवा रोप्ने कार्यमा गाउँपालिका अध्यक्ष मल्ल, उपाध्यक्ष थिङ, प्रमुख प्रशासकीय अधिकृत गर्तौला, ३ नं वडाध्यक्ष वाइबा, ७ नं वडाध्यक्ष रामबहादुर प्रजा, ९ नं वडाध्यक्ष रामकुमार बाल्पा थिङ, सिद्धार्थ हरियाली सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष ज्ञानेन्द्र तामाङसहित कर्मचारी, सञ्चारकर्मी, विभिन्न टोल विकास संस्थाका प्रतिनिधि, सूर्योदय माध्यमिक विद्यालयका विद्यार्थी र शिक्षकको सहभागिता रहेको थियो ।

निर्माणाधीन अबस्थामा रहेको जलपरी झरना परिसरलाई आगामी दशैंअघि नै आकर्षक पर्यटकीय गन्तब्यको रुपमा अघि बढाइने र हरेक किसिमका सार्बजनिक कार्यक्रम, तालिम र गोष्ठी सोहीस्थानमा सञ्चालन हुने गरी व्यवस्था मिलाउने गरी काम अघि बढाइएको छ । बृक्षरोपणपछि आयोजित सभामा सहभागी वक्ताले जतिसक्दो चाँडो झरना परिसर नजिकै होमस्टे वा व्यवस्थित आवासीय होटल सञ्चालन हुनुपर्ने कुरामा जोड दिएका थिए ।

# मकवानपुरमा मानवअधिकार उल्लंघनका घटना बढ्दै

साझाकुरा संवाददाता

हेटौंडा, १६ असार/ मकवानपुरमा बलात्कारका घटना बढ्दै गएकोमा सरोकारवालाले चिन्ता व्यक्त गरेका छन् ।



अनौपचारिक क्षेत्र सेवा केन्द्र(इन्सेक) मकवानपुरले ०८० असार १५ गते अर्धवार्षिक समीक्षा कार्यक्रममा सार्वजनिक गरेको सन् २०२३ को ६ महिना (जनवरी-जुन)को तथ्याङ्क अनुसार ४६ ओटा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा २९ ओटा बलात्कारका घटना रहेका छन् । जसमध्ये १८ जना बालिका बलात्कारका घटनामा पीडित भएकाछन् ।

जिल्लामा बालात्कारका घटनामा बालिका धेरै पीडित देखिनुले जिल्लाको मानवअधिकारको अवस्था चिन्ताजनक भएको जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानले बताए । उनले यस्तो घटना सार्बजनिक हुनु मानिसमा आएको चेतना र उजुरीका आधार बढ्दै गएको मान्न सकिएता पनि यसले जिल्लाको मानवअधिकारको चित्रण दर्साउने भएकोले यसतर्फ सबै प्रशासनिक निकाय, जनप्रतिनिधि र संघसंस्थाले ध्यान दिन जरुरी रहेको बताए ।

यस्तै जिल्ला समन्वय समितिका समन्वय अधिकारी बासुदेख खतिवडाले इन्सेकले मानवअधिकारका समग्र पक्षलाई समेटेर दस्तावेज गर्न सुझाव दिए । यस्तै राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालय हेटौंडाका निमित्त कार्यालय प्रमुख रेवा रेग्मीले हिँसामा बालिकाहरु बढी पीडित देखिएकोमा चिन्ता व्यक्त गरे । बलात्कार तथा यौन दुरुपयोगका घटना बढ्नुले बालिका असुरक्षित देखिएको बताउँदै यसले समाजको पनि अवस्थाबारे देखाउने भएकाले सुरक्षित समाज निर्माणको लागि सबैपक्षको ध्यान जान आवश्यक रहेको औंल्याए।

गैसस महासंघ मकवानपुर अध्यक्ष रमिला सापकोटाले जिल्लामा मानवअधिकार उल्लङघनका घटना बढ्नु अत्यन्तै चिन्ताजनक रहेको बताउँदै सञ्चारकर्मीलाई मिडिया मार्फत भूमिका बढाउन आग्रह गरिन् । साथै घटना न्यूनीकरण गर्दै सुरक्षित र मानवअधिकार सुनिश्चित समाज निर्माणमा गैसस सबै जनप्रतिनिधिसँग सहकार्य गरी अघि बढ्न तयार रहेको बताइन् । मकवानपुर जिल्ला अदालत बार एशोसियसन अध्यक्ष अप्सरा बस्नेतले मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा प्रहरीले दुइतर्फी पाटोबाट अनुसन्धान सहित प्रतिवेदन बनाउन आवश्यक देखिएको बताइन् ।

कतिपय घटनामा कसैको उक्साहटमा उजुरी दिने र पछि अदालतमा होइन भन्नेजस्ता पीडितको बयान आउने देखिएकाको भन्दै यसले वास्तविक पीडितप्रति पनि शंका गर्ने स्थिति पैदा भएको बताइन् । कार्यक्रममा इन्सेक बागमती प्रदेश हेटौंडाका अधिकृत सोम नेपालीले इन्सेकले मानवअधिकारको पक्षमा गर्दै आएको कामबारे जानकारी दिँदै उठेका जिज्ञासामा प्रष्ट पारे । इन्सेक जिल्ला प्रतिनिधि पुष्पराज अधिकारीका अनुसार यसवर्ष सन् २०२३ को १ जनवरीदेखि ३० जुनसम्म मकवानपुरमा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका ४६ ओटा घटनामा अन्य पक्षबाट ४८ जना मानिस पीडित भएको बताए ।

जसमध्ये ३७ जना महिला र ७ जना पुरुष र १ जना यौनिक तथा अल्पसंख्यक समुदायका व्यक्ति पीडित भएका छन् । अधिकारीका अनुसार बालअधिकारका घटनामा १८ जना बालिका पीडित भएकोमा १५ जना बलात्कार, ३ जना यौन दुर्व्यवहार र १ जना बालक हत्याबाट पीडित भएका छन् । महिलाअधिकारका घटनामा १९ जना पीडित भएकोमा ९ जना बलात्कार, २ जना बलात्कार प्रयास, १ जना हत्या र ७ जना बहुबिबाहको घटनामा पीडित भएको इन्सेकमा अभिलेख भएको छ ।

यस अवधिमा २ ओटा हत्याका घटना भएका छन् भने ७ वटा कुटपिट सहित हत्या प्रयासका घटना भएका छन् । जसमा हत्याबाट १ जना महिला र १ पुरुष छन् भने कुटपिट सहित हत्या प्रयासबाट ६ जना पुरुष र १ जना यौनिक तथा अल्पसंख्यक समुदायका व्यक्ति पीडित भएको इन्सेकमा अभिलेख भएको छ ।

# ८ करोडले बढ्यो...

आर्थिक विकास क्षेत्र भित्रका चालु कार्यक्रम र पुँजिगत योजना तथा कार्यक्रमका लागि ११ करोड ७६ लाख विनियोजन गरेको छ । जसमध्ये कृषि विकासतर्फका विविध कार्यक्रम तथा योजना संचालन गर्न सशर्त समेत गरी ५ करोड ४ लाख, पशु विकासतर्फका विविध कार्यक्रम तथा योजना संचालन गर्न सशर्त समेत गरी २ करोड ३६ लाख, पर्यटन तर्फका कार्यक्रम तथा योजना संचालन गर्न १ करोड २० लाख बजेट विनियोजन गरिएको उपमेयर बानियाँले बताए । उपमहानगरले सामाजिक विकास अन्तर्गत शिक्षातर्फको सशर्त र आन्तरिक बजेटतर्फको चालु कार्यक्रम र पुँजिगत योजना तथा कार्यक्रमका लागि ९२ करोड ९२ लाख विनियोजन गरेको छ ।

जसअन्तर्गत शिक्षा तर्फका कार्यक्रम तथा योजना संचालन गर्न सशर्त समेत गरी ७६ करोड ५५ लाख बजेट विनियोजन गरेको छ । स्वास्थ्यतर्फ कार्यक्रम तथा योजना संचालन गर्न सशर्त समेत ६ करोड ९० लाख, युवा तथा खेलकुदतर्फका कार्यक्रम संचालन गर्न २ करोड ९७ लाख, लैंगित समानता तथा सामाजिक समावेशीकरणतर्फका कार्यक्रम तथा योजना संचालन गर्न १ करोड ५१ लाख बजेट विनियोजन गरेको छ । उपमहानगरले महिला तथा बालबालिका, अपाङ्ग र जेष्ठ नागरिक तर्फका कार्यक्रम तथा योजना संचालन गर्न १ करोड ४२ बजेट विनियोजन गरेको छ ।

**सूर्तीजन्यपदार्थ निषेधको तयारी**

हेटौंडा उपमहानगर पालिकाले सूर्तीजन्यपदार्थको बिक्री वितरणमा रोक लगाउने भएको छ । शनिवार हेटौंडामा भएको उपमहानगरपालिकाको १३ औं नगर सभाको दोस्रो बैठकले आगामी आर्थिक वर्षबाट नगरको सीमाभित्र सूर्तीजन्य पदार्थको बिक्री वितरणमा रोक लगाउने निर्णय गरेको हो ।

उपमहानगरका प्रवक्ता सविन न्यौपानेका अनुसार सूर्तीजन्य पदार्थ बिक्री वितरणमा रोक लगाउने निर्णय भएपनि कार्यान्वयका लागि अब कार्यविधि निर्माण हुने जानकारी दिएका छन् । नगर सभाबाट सुर्तिजन्य पदार्थको बिक्री वितरण गर्ने प्रस्ताव सर्वसम्मतीले पारित भएको थियो ।

# हाँडीखोलामा ३३ केजीको अजिंगर फेला



साझाकुरा संवाददाता

हेटौंडा, १६ असार/ मकवानपुरको पश्चिमी क्षेत्रमा रहेको हाँडीखोलामा पछिल्लो समय दैनिकजसो अजिंगर फेला पर्न थालेपछि स्थानीय त्रसित भएका छन् ।

मनहरी गाउँपालिका-३ स्थित लामिटारस्थित वनमा ३३ केजीको र धानखेतमा ८ केजीको अजिंगर फेला परेपछि स्थानीय त्रसित भएका हुन् । वनमा बोका मारेको अवस्थामा शुक्रबार र खेतमा बसिरहेको अवस्थामा विहीबार अजिंगर फेला परेको स्थानीयले बताएका छन् ।

अजिंगर स्थानीयले समातेर पर्सा राष्ट्रिय निकुञ्जको जिम्मा लगाएका थिए । निकुञ्जले अजिंगरको कोर एरियामा लगेर छोडेको जनाएको छ । त्यसक्षेत्र पर्सा राष्ट्रिय निकुञ्जअन्तर्गत् मध्यवर्ती क्षेत्रमा पर्ने भएका कारण वर्षेनी बन्यजन्तुका कारण विभिन्न समस्या भोग्दै आएका छन् ।

स्थानीयका अनुसार हात्ती, गैंडा, बदेल तथा अन्य जनवारबाट वर्षेनी समस्या भोग्दै आएपनि यसपटक अजिंगर नै भेटिएपछि थप समस्या परेको हो ।

# थाहा आएर रविले भने, 'चित्लाङ-थानकोट सडकको विषय सदनमा लान्छौं'

साझाकुरा संवाददाता

हेटौंडा, १६ असार/ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले चित्लाङ-थानकोट सडक खण्डको निर्माणमा भएको ढिलाईबारे चासो राखेका छन् ।



थाहा नगरपालिकामा शनिवार भएको पार्टीको नगर भेलालाई सम्बोधन गर्दै उनले चित्लाङ-थानकोट सडक (गणेशमान मार्ग) खण्डको विषय प्रतिनिधिसभामा उठाउने प्रतिबद्धता जनाए । वर्षौंदेखि निर्माण अलपत्र पारिएको सडक समयमै निर्माण गर्न नसकेकोप्रति उनले सरकारको ध्यानाकर्षण गराउने बताएका छन् । उक्त सडक निर्माणको लागि रास्वपाको सबै सांसदहरुले संसद भवनमा आवाज बुलन्द पार्ने लामिछानेले बताएका हुन् । चित्लाङको बाटोमा राजनीतिको बाटो बनाउन खोज्दा सडकको निर्माणले पूर्णता पाउन नसकेको उनको आरोप छ ।

सभापति लामिछानेले अबको पुस्ताले गर्ने राजनीतिको बाटो आफैं पहिल्याउनुपर्नेमा जोड दिँदै भने, 'हजुरबाले जुन पार्टीमा भोट हाले नातिले पनि तेही पार्टी रोज्दा देशले दुख पाएको छ ।,' 'अघिल्लो पुस्ताले गरेको राजनीतिले अहिलेको पुस्ता पछुताइरहेको भन्दै जुनसुकै दलमा आस्था राख्ने भएपनि आगामी निर्वाचनमा सहयोग गर्न आग्रह गरे । रास्वपालाई मत दिँदा दल परिवर्तन होइन भन्ने सोचेर देश बदल्न आएको बुझ्न उनको आग्रह थियो । रास्वपाले भाइभारदार भर्ना गरेर टीका लगाएर टिकट नदिने भन्दै सभापति लामिछानेले टिकट पाउन तल्लो कमिटीबाट चुनेरै आउनुपर्ने भएकोले कार्यकर्तालाई ढुक्क हुन आश्वासन दिए । 'जतिसुकै घेराबन्दी, गालीगलौच आएपनि देशको बागडोर सम्हाल्ने हुटहुटी आफूमा रहेको र व्यक्तिगत स्वार्थ भएकाहरुले यात्रालाई बिटुलो नपार्न आग्रह गर्दछु ।', लामिछानेले भने ।

राष्ट्रिय स्वतन्त्र पार्टीका मकवानपुर सभापति भरत पराजुलीको सभाध्यक्षतामा भएको भेलामा रास्वपाका बागमती प्रदेश समिति सभापति डा. अच्युत्तम लामिछाने लगायत केन्द्रीय सदस्यहरु तथा मकवानपुरका नेताहरुको उपस्थिति रहेको थियो । भेलामा थाहाभित्रका विभिन्न पार्टी परित्याग गरी २ सय ५० जना राष्ट्रिय स्वतन्त्र पार्टीमा प्रवेश गरेको पार्टी थाहा नगर कमिटीका नवनियुक्त सल्लाहकार किरण गोपालीले जानकारी दिए ।

**रास्वपा थाहाको सभापतिमा खत्री चयन**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को प्रथम थाहा नगरपालिका भेलाले नगर कमिटी गठन गरेको छ । शनिवार भएको भेलाबाट नगर सभापतिमा जयराम खत्री चयन भएका छन् ।

खत्रीको नेतृत्वमा सर्वसम्मत रुपमा ११ सदस्यीय नगर कमिटी गठन भएको हो । उपसभापतिमा रचना बस्नेत, सचिवमा देवकुमार अर्याल, कोषाध्यक्षमा सूर्य आलेमगर चयन भएका छन् । नगर सदस्यमा केदार घले, निलिमा गोपाली, सरोज लामिछाने, दिनेश थापा, सम्राट बलामी, राजन विडारी, सरोज आचार्य चयन भएका छन् । भेलाले दीपक नेपाली, पुरुषोतम केसी र किरण गोपालीलाई सल्लाहकार चयन गरेको छ ।

थाहानगरमा रास्वपाले वडा कमिटी निर्माणको तयारी तीव्र पार्ने जानकारी दिएको छ । नवनिर्वाचित सभापति खत्रीले वडामा कमिटी बनाएर थाहामा रास्वापालाई बलियो शक्तिका रुपमा स्थापित गराउने आफ्नो कार्यकाल जोडले लाग्ने दाबी गरे ।

# लायन्स क्लबद्वारा मन्दिर परिसर सरसफाई

साझाकुरा संवाददाता

हेटौंडा, १६ असार/ लायन्स क्लब अफ थाहा पिस र लियो क्लब अफ पिस थाहा नगरको आयोजनामा डाडाँगाउँस्थित गोरखनाथ मन्दिर परिसरमा सरसफाई कार्यक्रम गरेको छ ।

लायन्स क्लब बर्ष २०२३/२०२४ को पहिलो कार्यक्रम अन्तरगत् मन्दिर सरसफाइ कार्यक्रम आयोजना गरिएको लायन्स क्लब थाहाका सचिव निरज रायमाझीले बताए । कार्यक्रममा लियो क्लव अफ पिस थाहानगरका बर्ष २०२२/२०२३ का अध्यक्ष निशा बिष्टको अध्यक्षतामा भएको थियो ।

कार्यक्रममा लायन्स क्लब अफ थाहा पिसको वर्ष २०२२/२०२३ का नवनिर्वाचित अध्यक्ष गीता कार्की, कोषाध्यक्ष दीपेन्द्रकुमार थिङ, सदस्य दीपक कार्की तथा लियो क्लबका पूर्वअध्यक्ष गणेश विष्ट लियो २०२३/२०२४ का अध्यक्ष रोशनी गोपाली, सचिव प्रेरणा खत्री, कोषाध्यक्ष लियो स्मिता विष्ट लगायतको उपस्थिति थियो ।


बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
**यातायात व्यवस्था कार्यालय, हेटौंडा**
मकवानपुर, नेपाल

**यातायात व्यवस्था कार्यालय, हेटौंडाको सूचना**

- यातायात व्यवस्था कार्यालय, हेटौंडाको सूचनाभाडामा चल्ने सवारी साधनको प्रत्येक ६-६ महिनामा सवारीको भौतिक अवस्था परिक्षण गरी यातायात व्यवस्था कार्यालयबाट जाँचपास प्रमाण-पत्र लिने गरौं ।
- सवारी चालक अनुमतिपत्र नविकरण गर्दा यस प्रदेशवाट जारी भएको हुनुपर्नेछ वा यस प्रदेश भित्र स्थायी बसोबास गरेको प्रमाण खुल्ने कागज पेश गर्नुपर्नेछ ।
- अन्यत्र कार्यालयबाट जारी भएको सवारी चालक अनुमतिपत्र नविकरण गर्नको लागि सो को अभिलेख Online मा देखिएको हुनुपर्नेछ ।
- सवारी चालक अनुमतिपत्र तथा सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपि सो जारी भएको कार्यालयबाट मात्र प्राप्त गर्न सकिन्छ ।
- भाडामा चल्ने सावरी साधनहरुले बाटो ईजाजत पत्र अनिवार्य रुपमा यातायात व्यवस्था कार्यालयहरुवाट लिने र समयमै नविकरण गर्ने गरौं । समयमा कर तिरौं, जरिवानाबाट बचौं ।


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना